
# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

## विराटनगर महानगरपालिका, मोरंग

## आर्थिक वर्ष २०८१/८२

विराटनगर महानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवस्थाको लेखाजोखा




**आर्थिक तथा प्राविधिक सहयोग**

विराटनगर महानगरपालिका
मोरंग,कोशी प्रदेश

**सहजकर्ता**

डा. चन्द्र उपाध्याय तिम्सिना
स्वतन्त्र विज्ञ

## खण्ड-एक

## परिचय


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | लैससास परीक्षणको महत्व | ५ |
| ३. | लैससास परीक्षणको उद्देश्यहरु | ६ |
| ४. | लैससास परीक्षणले समेटने क्षेत्रहरु | ७ |
| ५. | लैससास परीक्षणको विधि र तरिका | ८ |


## खण्ड-दुई

## तथ्यांक प्रस्तुतिकरण


| | | |
|---|---|---|
| ६. | तथ्यांक प्रस्तुतिकरण र व्याख्या | १६ |
| | ६.१ विराटनगर महानगरपालीकाको अवस्था विश्लेषण | १६ |
| | ६.२ लैससास परीक्षणका क्रममा आएका तथ्यांकहरु | ५४ |


## खण्ड-तीन

## विश्लेषण खण्ड


| | | |
|---|---|---|
| ७. | लैससास परीक्षण विश्लेषण औजारहरु | ५५ |
| ८. | तथ्याङ्कको तुलनात्मक अध्ययन तथा विश्लेषण | ५६ |

**खण्ड-चार**


९. मुख्य उपलव्धि (Major Findings) ६०

१०. लैससास परीक्षण विधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था ६१

१०.१ परीक्षण पश्चात प्रमुख सूचकहरुले प्राप्त गरेका अंकहरुको लेखाजोखा ६१

१०.२ लैससास परीक्षण नतिजाको माकुरे जालो एवं अन्य तालिकाहरु ६३

११. विराटनगर महानगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबल पक्ष र सुधार गर्नपर्ने पक्षहरु ६७

१२. लैससास विकास कार्ययोजना ८६

१३. लै स सा स परीक्षणको क्रममा आएका महत्वपूर्ण विचार एवं सरोकारहरु ९२

१४. सुझाव ९३

१५. निश्कर्ष ९६

१६. अनुसूचीहरु

अनुसूची-१ः विराटनगर महानगरपालिकाको लैससास परीक्षणका सूचकहरु

अनुसूची-२ : लैससास परीक्षण कार्य तालिका

अनुसूची-३ : लैससास परीक्षण कार्यशालामा सहभागीहरुको उपस्थिति

अनुसूची-४ : लैससास परीक्षण कार्यसंग सम्बन्धित तस्विरहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन
आर्थिक वर्ष : २०८१/०८२

# खण्ड - एक

## परिचय

### १.पृष्ठभूमि

समानता र समावेशी दिगो विकासका लागि समाजका सवै सदस्य, समुदाय, र वर्गको सहभागिता आवश्यक पर्छ । लैंगिक समानता तथा सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion)को स्थितिले लोकतान्त्रिक समाजको अवस्थालाई उजागर गर्दछ ।हाल नेपालको जनसंख्यामा आधाभन्दा वढी अंश ओगटेका महिलाहरुलाई मूल प्रवाहीकरण नगरीकन गरिएका विकास प्रयासहरु दिगो हुन सक्दैनन् । विकास जनताको लागि जनताद्धारा गरिने भएकोले सवै प्रकारका जनताहरु विकास प्रक्रियामा समावेश हुनु सर्वमान्य सिद्धान्त पनि हो ।

संविधानले दिशा निर्देश गरे बमोजिम, समावेशी र समतामुलक समाज निर्माणमा राज्यका सबै तह, निकाय र अङ्गहरुका साथै क्षेत्रगत विषयहरुमा महिला समानता र सामाजिक समावेशीकरण (लैससास)का सवालहरुलाई आन्तारिकरण र संस्थागत गर्दै लागिएको छ।

यसैक्रममा, लैंगिक समानता एवं महिला समावेशिताको पृष्ठभूमिलाई समिक्षा गर्दा, नेपालमा छैंठो राष्ट्रिय योजना (२०३७-४२) देखि नै महिला लक्षित विकासका लागि योजनाबद्ध रुपमा पहलहरु भएका देखिन्छन।नवौं योजना (२०५४-५९) को महिलालाई विकासको मूलप्रवाहमा समाहित गर्ने नीति, दशौं योजना (२०५९-६४)को राष्ट्रिय विकासको सबै क्षेत्रमा लैंगिक मूलप्रवाहीकरण गर्दै महिला सशक्तिकरण साथ समतामूलक समाज निर्माणको लक्ष अघि सारेको पाइन्छ।

विगतमा स्थानीय शासन ऐन २०५५ र नियमावली २०५६ ले लैंगिक मूल प्रवाहीकरणमा जोड दिएका थिए ।नेपालको अन्तरिम संविधान २०६३ एवं लैंगिक समानता तथा

सामाजिक समावेशीकरण नीति २०६६ ले सामाजिक र सांस्कृतिक दृष्टिले पिछडिएका र पछि पारिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, पिछडावर्ग , सीमान्तकृत, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, विपन्न लगायत सबैखाले नागरिकको यथोचित संरक्षण, सशक्तिकारण र लक्षित विकासका लागि कानून बमोजिम विशेष व्यवस्था समेत गर्दै समावेशी समाज निर्माणको पहल गरेको पाइन्छ।

योजनावद्ध विकासको क्रममा, नेपालको पन्ध्रौं राष्ट्रिय योजना २०७६/७७-२०८०/८१ ले लैङ्गिक समानतामूलक राष्ट्र निर्माणको सोच सहित महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गने लक्ष सहित लैङ्गिक उत्तरदायी शासन व्यवस्था, संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्ने उद्देश्यले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्ने, महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर तथा लाभमा समान पहुँच सुनिश्चित गर्ने , लैङ्गिक समानता सम्बन्धी क्षेत्रगत नीति, कानून तथा कार्यक्रम तर्जुमा गर्ने, तीनै तह र क्षेत्र तथा निकायमा लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने, सबै तहमा लैङ्गिक उत्तरदायी बजेट पद्धति संस्थागत गर्ने, विपन्न र पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिँदै आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण गर्न निरोधात्मक तथा संरक्षणात्मक उपायद्वारा न्यायमा महिलाको पहुँच अभिवृद्धि गर्ने रणनीति अघि सारेको थियो ।

सोह्रौं राष्ट्रिय योजना २०८१/८२ –२०८५/८६ का अनुसार नेपालमा योजनाबद्ध विकासको करिब सात दशक(२०१३-२०८१)को प्रयासबाट सामाजिक क्षेत्रमा विशेष गरी महिला सहभागिता तथा सशक्तीकरण एवम् सामाजिक समावेशीकरण र स्वास्थ्य सेवाको विस्तारमा सकारात्मक प्रगति भएको छ।

हाम्रो वर्तमान संविधानले समानुपातिक,सहभागितामूलक र समावेशी समाज निर्माणको प्रष्ट दिशा निर्देश गरेको छ । समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरूमा लैंगिक समानता र सामाजिक समावेशीकरण (लैससास) को विषयलाई

आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ । सोही बमोजिम संघीय संरचनाका तीनवटै तह एवं राज्यका सबै अंगमा लैंगिक समानता र सामाजिक समावेशीकरणका सैद्धान्तिक एवं व्यावहारिक सवालहरु टड्कारो रुपमा महशुश भएका छन् ।

संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानुनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानुनको समान संरक्षणबाट बन्चित नगरिने व्यवस्था छ ।त्यसैगरी संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार एवं राज्यका सबै तहमा सहभागिताको अधिकार सहित शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षा साथै सकारात्मक विभेद समेतको व्यवस्था गरेको । संविधानले नै महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानुन बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ ।

संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पछाडि पारिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पछाडि पारिएका क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात् गरिएको छ।सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिकरुपमा पछाडि पारिएका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक

उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको; विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचववखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था गरेको; स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयनका सबै चरणहरुमा महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था; योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यकममा जोड दिदै लैससास प्रबर्धन गर्ने लगायतको व्यवस्था उल्लेख गरेको छ।यसका साथै लैससासका सवालहरूलाई सम्बोधन गर्न राज्यले विगत लामो समयदेखि नै प्राथमिकताका साथ आवधिक योजना, वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ ।

यसै सन्दर्भमा स्थानीय तहद्वारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम् कानूनी उत्तरदायित्व तथा जिम्मेवारी पूरा गर्न, राज्यले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रबर्धन गर्ने कार्यलाई थप मार्गदर्शन गर्न चालेका नीतिगत र व्यावहारिक प्रयासहरुको लेखा-जोखा गर्न विराटनगर महानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरिएको हो ।

विराटनगर महानगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई योजना तर्जुमा तथा कार्यान्वनको तहमा कसरी सम्बोधन गरिएको छ साथै लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई सम्बोधन गर्नका लागि कसरी नीतिहरु निर्माण गरी कार्यान्वयन गरिएको छ र कहाँ कहाँ लैंगिक अन्तरहरु देखिएका छन् र अगामी दिनमा कसरी सुधार गर्दै लैजाने भन्ने विषयलाइ महसुस गराइ ती लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै

लैङ्गिक मूलप्रवाहीकरण र सशक्तिकरण गर्दै लैजानका लागि विगतमा झैं आर्थिक वर्ष २०८१/०८२ को पनि लैससास परीक्षण गरिएको हो ।

लैससास परीक्षणले लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहीकरण र सशक्तिकरण गर्दै लैजानका लागि बाटो देखाउछ र आगामी आर्थिक वर्षका लागि लैससासलाई मूलप्रवाहीकरण गर्ने योजना निर्माण गर्न मद्दत गर्दछ भन्ने विराटनगर महानगरपालिकाको बुझाइ रहेको छ ।

दस्तावेज अध्ययनका क्रममा विराटनगर महानगरपालिकाले महिला तथा लक्षित वर्गहरुका लागि वार्षिक योजनामा कार्यक्रमहरु समावेश गरेको पाइएको छ। वार्षिक योजना सहितका कार्यक्रमहरुले लैससासको क्षेत्रमा महत्वपुर्ण कामहरु गरेको देखिन्छ ।महिला तथा लक्षित वर्गहरुका लागि वार्षिक योजनामा कार्यक्रम समावेश गर्दा पनि लैङ्गिक मूलप्रवाहीकरण र सशक्तिकरण गर्दै लैजानका लागि यसले ठूलो योगदान गर्न सक्ने बुझाई समेत पाइएको छ ।

लैससास कार्यान्वयन गर्न ठोस नीतिको अभावमा यसलाई लैससासलाई समग्र कार्यक्रमको अन्तर सम्बन्धित मुद्दाको रुपमा स्थापित गर्न केही कठिनाई भएको अवस्था देखिन्छ । परिणाम स्वरुप स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्न केही कठिनाइ भएको छ | यद्दपि विराटनगर महानगरपालिकामा लैससास मूलप्रवाहीकरण र संस्थागत हुँदै गएको छ ।

## २. लैससास परीक्षणको महत्व

स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ ले स्थानीय तहमा लैससास क्षेत्रलाई प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ। स्थानीय तहका वडा/टोल स्तरबाट योजना छनौट, प्राथमिकीकरण लगायतका ७ वटै चरणहरुमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अन्तरगत कार्यान्वयन गरिनु पर्ने

क्रियाकलापहरुमा थप प्रभावकारिता ल्याउनका लागि लैससास सम्बन्धी उपयुक्त कार्ययोजना, कार्य संचालन एवं त्यसको परीक्षणको अवश्यकता रहेको छ ।

विगतमा लैससास परीक्षण गरिसकेपछी विराटनगर महानगरपालिकाले लैससासको दृष्टिकोणबाट अन्तर रहेका क्षेत्रहरुको पहिचान गरी कार्ययोजना समेत तयार गरेको पाइयो।कार्ययोजनाले महानगरपालिकाबाट सञ्चालन हुने कार्यक्रमहरुलाई थप लैससास मैत्री बनाउन उल्लेखनीय भूमिका निर्वाह गर्दछ । तसर्थ हरेक आर्थिक वर्षमा लैंगिक परीक्षण गरी लैंगिक समानता तथा समावेशी विकासमा यस प्रकारको परीक्षणको अत्यन्त महत्व रहेको छ।लैंगिक समताको सिद्धान्त, समविकासको सिद्धान्त, समावेशीकरणको सिद्धान्त तथा लैंगिक उत्तरदायीत्वको सिद्धान्त कार्यान्वयनमा उतार्नका लागि पनि लैससास परीक्षणको आवश्यकता रहेको छ ।

## ३. लैससास परीक्षणको उद्देश्यहरु

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय तहको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, लक्षित वर्ग र सीमान्तकृत समूहहरुलाई समावेशी गरी लैंगिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिताको स्थिति पत्ता लगाई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहीकरण र सशक्तिकरण गर्दै लैजाने।
- महिला, लक्षित वर्ग र सीमान्तकृत समूहहरुलाई समावेश गरी उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिवृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।
- स्थानीय तहको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।

- लैससास परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतिहरुको पहिचान गरी समयमै समाधान गर्ने तथा भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने।

## ४. लैससास परीक्षणले समेटने क्षेत्रहरु

लैससास परीक्षणका लागि स्थानीय तहको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास, लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी कार्यक्रम, आन्तरिक संरचना र मानव संसाधन, सम्बन्ध विस्तार र नेपाल सरकारका राष्ट्रिय एवं अन्तराष्ट्रिय प्रतिबद्धताहरू लगायतका विषयवस्तु समेटिएका छन्। लैससास परीक्षण जम्मा १०० वटा सूचकहरुमा आधारीत रहेको छ ।लैससास परीक्षणका लागि देहायका पाँचवटा मुख्य विषय क्षेत्रहरु तथा २२ वटा उप विषयका क्षेत्रहरु समेटिएका छन्।

**१. नीति, कानून, योजना**

- निति र कानूनमा समावेशिता/सहभागिता
- योजना तर्जुमा तथा कार्यान्वयन
- बजेट तर्जुमा तथा कार्यान्वयन

**२. संस्थागत व्यवस्था**

- कर्मचारी पदाधिकारी प्रतिनिधित्व
- कार्यप्रणाली समावेशी
- समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व
- वित्त व्यवस्थापन प्रणालीमा समावेशिता
- तथ्याङ्क सङ्कलन तथा  व्यवस्थापन

**३. मानव संसाधन तथा क्षमता विकास**

- मानव संसाधन तथा क्षमता विकास
- अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरूद्ध जनचेतना

- कानूनी साक्षरता
- विपद व्यवस्थापनमा समावेशिता

४. **सेवा प्रवाह**

- पूर्वाधार विकास
- प्रजनन् स्वास्थ्य
- शिक्षा कार्यक्रम
- खानेपानी तथा सरसफाइ
- स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन

५. **सुशासन तथा उत्तरदायित्व**

- सुशासन
- उत्तरदायित्व र जवाफदेहिता
- सूचना तथा संचार
- अनुगमन तथा मूल्याङ्कन
- समन्वय र सम्बन्ध बिस्तार

## ५. लैससास परीक्षणको विधि र तरिका

विराटनगर महानगरपालिकाको आ.व. २०८१/०८२ को लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षणका लागि चरणबद्ध रुपमा कार्य सम्पादन गर्न कार्य तालिका नै निर्माण गरी निम्न विधि र तरिकाहरु (लैससास परीक्षण दिग्दर्शन २०७८ को परिच्छेद ३ दफा ३.२ अनुसार अपनाइएको थियो। सोही क्रममा मिति २०८२/०८/२८ गते लैङ्गिक समानता र सामाजिक परिक्षण (GESI Audit)कार्यान्वयन समितिका संयोजक एंव विराटनगर महानगरपालिकाका प्रमुख श्री नागेश कोइराला ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित महानुभाव ज्यूहरुको उपस्थितिमा बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो।

उपस्थिति

| सि.नं. | नाम/थर | पद/कार्यालय |
|---|---|---|
| १. | श्री नागेश कोइराला | संयोजक |
| २. | श्री शिल्पा निराला कार्की | सदस्य |
| ३. | श्री योगेन्द्र प्रसाद दुलाल | सदस्य |
| ४. | श्री काजी बहादुर बस्नेत | सदस्य |
| ५. | श्री विश्वनाथ भगत | सदस्य |
| ६. | श्री कमला श्रेष्ठ | सदस्य |
| ७. | श्री खुस्वु वि.क | सदस्य |
| ८. | श्री विनोद कुमार पोखरेल | सदस्य |
| ९. | श्री नविना श्रेष्ठ | सदस्य |
| १०. | श्री राजेन्द्र यादव | सदस्य |
| ११. | श्री मन्जु लोहनी | सदस्य सचिव |
| १२. | श्री सुशिला अधिकारी | अधिकृतस्तर छैटौं |
| १३. | श्री सुनिता पौडेल | अधिकृतस्तर छैटौं |
| १४. | श्री सन्ध्या श्रेष्ठ | सहायकस्तर पाँचौ |
| १५. | श्री तुलसा भट्टराई | उप-सचिवालय सहायकस्तर चौथो |
| १६. | श्री प्रजिता दाहाल | का.स. |
| १७. | श्री कल्पना खड्का | अ.स.स.कर्ता |
| १८. | श्री प्रकाश कोइराला | प्रहरी हल्दार(PSO) |
| १९. | श्री निश्चल मायालु | सहायकस्तर पाँचौ |
| २०. | श्री रोजी कार्की | सहायकस्तर पाँचौ |
| २१. | श्री राजु श्रेष्ठ | का.स. |
| २२. | श्री सुजन कार्की | सहायकस्तर पाँचौ |
| २३. | श्री चित्र सुवेदी | का.स. |
| २४. | श्री शेर ब. खड्का | अधिकृतस्तर सातौं |

प्रस्तावहरु

१. लैससास परिक्षणको लागि विज्ञ छनौट गर्ने सम्बन्धमा।

२. कार्यदल गठन सम्बन्धमा।

निर्णयहरु

१. प्रस्ताव नं. (१) मा छलफल गर्दा लैससास परिक्षणको लागि विज्ञको रुपमा डा. चन्द्र प्रसाद उपाध्यायलाई जिम्मेवारी दिने निर्णय गरियो।
२. प्रस्ताव नं. (२) मा छलफल गर्दा लैससास कार्दलको संयोजकको रुपमा उप-प्रमुख श्री शिल्पा निराला कार्कीको संयोजकत्वमा तपसिल बमोजिमको कार्यदल बनाउने निर्णय गरियो।

| सि.नं. | विवरण | पद |
|---|---|---|
| १. | श्री शिल्पा निराला कार्की | संयोजक |
| २. | श्री चन्द्र प्रसाद उपाध्याय | सदस्य |
| ३. | महिला पुर्नस्थापना केन्द्र(ओरेक) को शाखा प्रमुख | सदस्य |
| ४. | माइती नेपालको शाखा प्रमुख | सदस्य |
| ५. | सामाजिक विकास महाशाखा प्रमुख वा महिल बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

त्यसैगरि, मिति २०८२/०९/०८ गते लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) कार्यदलको संयोजक श्री शिल्पा निराला कार्की ज्यूको अध्यक्षतामा कार्यदलको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरी निर्णय गरियो।

उपस्थिति

| सि.नं. | नाम/थर | पद/कार्यालय |
|---|---|---|
| १. | श्री शिल्पा निराला कार्की | संयोजक |
| २. | श्री चन्द्र प्रसाद उपाध्याय | सदस्य |
| ३. | श्री नविना श्रेष्ठ | सदस्य |
| ४. | श्री विनोद कुमार पोखरेल | सदस्य |
| ५. | श्री मन्जु लोहनी | सदस्य सचिव |
| ६. | श्री सुशिला अधिकारी | अधिकृतस्तर छैटौं |
| ७. | श्री सुनिता पौडेल | अधिकृतस्तर छैटौं |
| ८. | श्री सन्ध्या श्रेष्ठ | सहायकस्तर पाँचौ |

| | | |
|---|---|---|
| ९. | श्री कल्पना खड्का | अ.स.स.कर्ता |
| १०. | श्री गंगा खतिवडा | मनोसामाजिक संयोजक |
| ११. | श्री राजु श्रेष्ठ | का.स. |

प्रस्ताव र निर्णय

प्रस्ताव नं. १. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणका सूचक वितरण सम्बन्धमा :-

विराटनगर महानगरपालिकाको आ.व. ०८१/०८२ को लैससास परिक्षण गर्नका लागि महाशाखा/शाखा प्रमुखलाई विभिन्न ५ समूहममा विभाजन गरी सूचक वितरण गर्ने र उक्त सूचक समूहमा छलफल गरी १०० वटा सूचकमा तोकिए अनुसार अंक प्रदान गरी ७ दिन भित्र महिला, बालबालिका शाखामा बुझाउने निर्णय गरियो।

प्रस्ताव नं. २ अभिमुखीकरण सम्बन्धमा :-

वितरण भएका सूचकमा महानगरपालिकाले गरेका कामका आधारमा मूल्याङ्कन गरी दिइएको अंकलाई छलफलबाट निष्कर्षमा जान मिति २०८२/०९/११ गते अभिमूखीकरण गर्ने निर्णय गरियो।

मिति २०८२/०९/११ गते शुक्रवारका दिन विराटनगर महानगरपालिकाको आ.व. ०८१/०८२ को लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण (GESI Audit) कार्यक्रम लैससास कार्यदलका संयोजक एंव विराटनगर महानगरपालिकाका उप-प्रमुख श्री शिल्पा निराला कार्की ज्यूको अध्यक्षतामा तपसिलका महानुभाव ज्यूहरुको उपस्थितिमा निम्न विषयमा छलफल गरी निर्णय गरियो।

<u>उपस्थिति</u>

| सि.नं. | नाम/थर | पद/कार्यालय |
|---|---|---|
| १. | श्री शिल्पा निराला कार्की | संयोजक |
| २. | श्री योगेन्द्र प्रसाद दुलाल | प्र.प्र.अ |
| ३. | श्री मन्जु लोहनी | स.सचिव/सामाजिक विकास महाशाखा प्रमुख |
| ४. | श्री विनोद कुमार पोखरेल | सदस्य |
| ५. | श्री नविना श्रेष्ठ | सदस्य |

| | | |
|---|---|---|
| ६. | श्री संजिव कुमार भट्टराई | आर्थिक प्र.म. प्रमुख |
| ७. | अनिता न्यौपाने | प्रशासन तथा जनशक्ति शाखा |
| ८. | शारदा थपलिया | कानुन तथा न्याय शाखा |
| ९. | अर्चना कर्ण | सूचना प्रविधि इन्जिनियर |
| १०. | सविता कट्टेल | आर्थिक प्रशासन शाखा |
| ११. | विन्दु पराजुली | योजना तथा पूर्वाधार विकास |
| १२. | कल्पना खनाल | खानेपानी शाखा |
| १३. | प्रतिक गडतौला | आर्थिक विकास महाशाखा |
| १४. | सन्जु ढकाल | रोजगार सेवा केन्द्र |
| १५. | चाँदनी राई | सहकारी शाखा प्रमुख |
| १६. | किरण न्यौपाने | सरसफाई व्यवस्थापन शाखा |
| १७. | सिर्जना कोइराला | आन्तरिक लेखा परिक्षण शाखा |
| १८. | कमला निरौला | सूचना शाखा |
| २०. | संजिव भण्डारी | राजश्व शाखा(अ.छै.) |
| २१. | राम प्रसाद ढुङ्गेल | शै.प्र. महाशाखा |
| २२. | टिना यादव | नर्सिङ्ग अधिकृत |
| २३. | धिरज राई | प्रशासन शाखा |
| २४. | तुलसा भट्टराई | स.चौथो |
| २५. | डा. चन्द्र उपाध्याय | विज्ञ |
| २६. | सुशिला अधिकारी | अधिकृतस्तर छैटौं |
| २७. | सुनिता पौडेल | अधिकृतस्तर छैटौं |
| २८. | सन्ध्या श्रेष्ठ | सहायकस्तर पाँचौ |
| २९. | कल्पना खड्का | अ.स.स.कर्ता |
| ३०. | राजु श्रेष्ठ | का.स. |
| ३१. | करण राउत | का.स. |

मिति २०८२/०९/२३ गते बुधवारका दिन लैससास कार्यदलको संयोजक श्री शिल्पा निराला कार्की ज्यूको अध्यक्षतामा लैससास कार्यदलको बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

<u>उपस्थिति</u>

| सि.नं. | नाम/थर | पद/कार्यालय |
|---|---|---|
| १. | श्री शिल्पा निराला कार्की | संयोजक |
| २. | श्री चन्द्र प्रसाद उपाध्याय | सदस्य |

| | | |
|---|---|---|
| ३. | श्री विनोद कुमार पोखरेल | सदस्य |
| ४. | श्री नविना श्रेष्ठ | सदस्य |
| ५. | श्री मन्जु लोहनी | सदस्य सचिव |

आमन्त्रित

| सि.नं. | नाम/थर | पद/कार्यालय |
|---|---|---|
| १. | सुशिला अधिकारी | अधिकृतस्तर छैटौं |
| २. | सुनिता पौडेल | अधिकृतस्तर छैटौं |
| ३. | राधिका कार्की | अधिकृतस्तर छैटौं |
| ४. | सन्ध्या श्रेष्ठ | सहायकस्तर पाँचौ |

निर्णयहरु

१. मिति २०८२/०९/२८ गते कार्यदल सहित महाशाखा/शाखा प्रमुख तथा प्रतिनिधि ज्यू सहभागी हुने गरी कार्यशाला आयोजना गरी लैससास परिक्षणको प्रारम्भिक प्रतिवेदन माथि छलफल गर्ने निर्णय गरियो।

मिति २०८२/०९/२८ गते सोमवारका दिन विराटनगर महानगरपालिकाको आ.व. ०८१/०८२ को लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण कार्यदलका संयोजकश्री शिल्पा निराला कार्की ज्यूको अध्यक्षतामा लैससास परिक्षणको प्रारम्भिक प्रतिवेदन माथि तपसिलका बमोजिमको उपस्थितिमा छलफल गरियो।

उपस्थिति

| सि.नं. | नाम/थर | पद |
|---|---|---|
| १. | श्री शिल्पा निराला कार्की | संयोजक |
| २. | श्री राम प्रसाद ढुङ्गेल | शै.प्र. महाशाखा |
| ३. | श्री चन्द्र प्रसाद उपाध्याय | सदस्य |
| ४. | श्री नविना श्रेष्ठ | सदस्य |
| ५. | श्री मन्जु लोहनी | स.सचिव |
| ६. | सुशिला अधिकारी | अधिकृतस्तर छैटौं |
| ७. | सुनिता पौडेल | अधिकृतस्तर छैटौं |
| ८. | कृष्ण प्र. पोखरेल | वि.म.न.पा. |
| ९. | टिना यादव | नर्सिङ्ग अधिकृत |
| १०. | विन्दु पराजुली | अधिकृतस्तर छैटौं |
| ११. | सविता कट्टेल | अधिकृतस्तर छैटौं |

| | | |
|---|---|---|
| १२. | बासुदेव भण्डारी | स.चौथो |
| १३. | संजिव भण्डारी | अधिकृतस्तर छैटौं |
| १४. | सुदिरा न्यौपाने | अधिकृतस्तर छैटौं |
| १५. | विनोद कुमार पोखरेल | माइती नेपाल संयोजक |
| १६. | अनिता न्यौपाने | अधिकृत आठौं |
| १७. | सरोज कुमार गौतम | अधिकृत आठौं |
| १८. | चाँदनी राई | अधिकृत सातौं |
| १९. | अर्चना कुमारी | सूचना प्रविधि इन्जिनियर |
| २०. | हिरा लाल यादव | वि.म.न.पा. |
| २१. | गोपाल कु. तामाङ्ग | वि.म.न.पा. |
| २२. | लीला घिमिरे | वि.म.न.पा. |
| २३. | तारा थापा | वि.म.न.पा. |
| २४. | पुनम कुमार दाहाल | वि.म.न.पा. |
| २५. | राजन पौडेल | नगर प्रहरी प्रमुख |
| २६. | सन्ध्या श्रेष्ठ | सहायकस्तर पाँचौ |
| २७. | कल्पना खड्का | अ.स.स.कर्ता |
| २८. | परमेश्वर नेपाल | वि.म.न.पा. सल्लाहकार |

मिति २०८२/१०/०८ गतेविहिवारका दिन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण कार्यदलका संयोजकश्री शिल्पा निराला कार्की ज्यूको अध्यक्षतामाबसेको बैठकले लैससास कार्यशालाको दोश्रो कार्यशालाबाट प्राप्त नतिजालाई विश्लेषण गरी अन्तिम प्रतिवेदन तयार गर्ने गरी तपसिल उपस्थितिमा छलफल  गरियो।

<u>उपस्थिति</u>

| सि.नं. | नाम/थर | पद |
|---|---|---|
| १. | श्री शिल्पा निराला कार्की | संयोजक |
| ३. | श्री चन्द्र प्रसाद उपाध्याय | सदस्य |
| | श्री विनोद कुमार पोखरेल | सदस्य |
| ४. | श्री नविना श्रेष्ठ | सदस्य |
| ५. | श्री मन्जु लोहनी | स.सचिव |
| ६. | श्री सुशिला अधिकारी | अधिकृतस्तर छैटौं |
| ७. | श्री सुनिता पौडेल | अधिकृतस्तर छैटौं |
| ८. | श्री राधिका कार्की | अधिकृतस्तर छैटौं |
| ९. | श्री सन्ध्या श्रेष्ठ | सहायकस्तर पाँचौ |

| | | |
|---|---|---|
| ९. | श्री गंगा न्यौपाने | म.सा.सं. |
| १०. | श्री कल्पना खड्का | अपाङ्गता सहायता स.कर्ता |

आ.व. २०८१ /०८२ को लैससास परिक्षणमा केही असहजता पनि देखा परे ।खासगरि २०८२ भाद्र २४ गते भएको आगजनीले महानगरपालिकामा भौतिक क्षति संगै अभिलेखहरु जलेर नष्ट भएका थिए । परिणामस्वरूप अभिलेख जुटाउन कठिनाई हुनुका साथै कम्प्युटर लगायतका सामाग्रीको अभावमा तोकिएको कार्यतालिकामा रहेर समयमा प्रतिवेदन तयार गर्न कठिनाई भयो ।

# खण्ड - दुई

## तथ्यांक प्रस्तुतिकरण

### ६. तथ्यांक प्रस्तुतिकरण र व्याख्या

### ६.१ विराटनगर महानगरपालिकाको अवस्था विश्लेषण

विराटनगर महानगरपालिमा हालसम्म जारी भएका ऐन, कानुन, कार्यविधि तथा निर्देशिकाहरुको (महानगरपालि स्थापना पश्चात, महानगरपालिकाको वेवसाइटमा प्रकाशित भएका समेतको) विवरण यस प्रकार छ :

- सार्वजानिक निजि साझेदारी नीति, २०६०
- स्थानीय निकाय सार्वजनिक परिक्षण कार्यविधि २०६७
- विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४
- विराटनगर महानगरपालिका नगर कार्यपालिका कार्यसम्पादन नियमावली २०७४
- विराटनगर महानगरपालिका नगर कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि २०७४
- विराटनगर महानगरपालिका नगर सभा संचालन कार्यविधि २०७४
- भवन निर्माण तथा सडक मापदण्ड
- स्थानीय निकाय स्रोत परिचालन तथा व्यबस्थापन कार्यविधि, २०६९
- बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति
- स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि, २०६७
- स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८
- स्थानीय निकाय लैंगिक बजेट परीक्षण निर्देशिका, २०६४
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति
- सार्वजनिक खरिद ऐन, २०६३

- स्थानीय विकास कोष नियमावली २०५६
- स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७
- स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४
- सार्वजनिक खरिद नियमावली, २०६४ (पाँचौ संसोधन)
- स्थानीय पूर्वाधार विकास नीति, २०६१
- विराटनगर महानगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७५
- विराटनगर महानगरपालिका कर्मचारी व्यवस्पथापन ( सेवा शर्त सम्बन्धी ऐन, २०७५
- विराटनगर महानगरपालिका एफ.एम रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७५
- विराटनगर महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५
- विराटनगर महानगरपालिका गैर सरकारी संस्था (संचालन तथा व्यवस्थापन) निर्देशिका, २०७५
- विराटनगर महानगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७५
- विराटनगर महानगरपालिकाको कृषि व्यवसाय प्रबर्द्धन ऐन, २०७५
- सामाजिक सुरक्षा कार्यविधि २०७५
- विनियोजन ऐन
- आर्थिक ऐन २०७५
- स्थानीय सरकार संचालन ऐन २०७४
- जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) नियमावली, २०७४
- विराटनगर महानगरपालिका नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४
- विराटनगर महानगरपालिकाको आर्थिक कार्यविधि कानून, २०७५

- विराटनगर महानगरपालिका “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५
- विराटनगर महानगरपालिकाका महानगरपालिका पदाधिकारीहरुको आचारसंहिता, २०७४
- नगरप्रहरी व्यवस्था गर्ने सम्बन्धी कार्यविधि
- सहकारी ऐन २०७५ (पहिलो संशोधन २०७६ )
- मदिरा बिक्री वितरण तथा नियमन नियमावली २०७६
- विराटनगर महानगरपालिका शिक्षा ऐन, २०७६
- विनियोजन ऐन २०७६
- आर्थिक ऐन २०७६
- सार्वजनिक निजी साझेदारी नीति-२०७२
- कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७५
- महानगर आवास कार्यविधि, २०७५
- स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७५
- अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५
- न्यायिक कार्यविधि
- स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४
- विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४
- विराटनगर महानगरपालिकाको आर्थिक कार्यविधि कानून, २०७५
- आर्थिक ऐन २०७९ आर्थिक ऐन २०७८

- महानगर आवास कार्यक्रम नमुना वस्ती विकास निर्माण निर्देशिका-२०७८
- विनियोजन ऐन २०७८
- विराटनगर महानगरपालिका भू-उपयोग कार्यविधि- २०७७
- संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली २०७७
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५
- भौतिक साधन तथा मेशिनरी औजार संचालन कार्यविधि २०७७
- विद्यालय संचालन सम्बन्धी कार्यढाँचा, २०७७
- विनियोजन ऐन २०७७
- आर्थिक ऐन २०७७
- कोभिड-१९ संक्रमितहरुको आइसोलेसन सेन्टर सम्बन्धी मापदण्ड २०७७
- महानगर बहुप्राविधिक शिक्षालय संचालन नियमावली, २०७७
- भवन निर्माण मापदण्ड, २०७७ (संसोधन)
- सहकारी नियमावली, २०७७ सहकारी संस्था एकिकरण सम्बन्धी कार्यविधि, २०७७ र सहकारी संस्था दर्ता दिग्दर्शन, २०७७
- भौतिक साधन तथा उपकरण संचालन सम्बन्धी कार्यविधि, २०७७
- विराटनगर यातायात व्यवस्था कार्यविधि, २०७७
- भू-उपयोग कार्यविधि, २०७७
- विराटनगर निः शुल्क प्रसुती एम्बुलेन्स सेवा निर्देशिका, २०७७
- छोरी बचाउ छोरी पढाउ अभियान संचालन कार्यविधि, २०७७
- संक्षिप्त वातावरणीय अध्ययन BRIEFE तथा प्रारम्भिक वातावरणीय परीक्षण IEE कार्यविधि, २०७७
- स्वास्थ्य संस्था संचालन निर्देशिका, २०७५ पहिलो सशोधन, २०७७

- महानगर आवास कार्यक्रम नमुना वस्ती विकास निर्माण निर्देशिका, २०७८
- टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७८
- विराटनगर महानगरपालिका न्यायिक समिति निर्वाचन कार्यविधि २०७९
- विराटनगर महानगरपालिका मर्मत सम्भार कोष सञ्चालन कार्यविधि २०७९
- विराटनगर महानगरपालिका मर्मत सम्भार सञ्चालन कार्यविधि २०७९
- शहरी पुर्वधार निर्माण कार्यविधि एव योजना अनुगमन तथा सुपरिवेक्षण मापदण्ड २०७९
- विराटनगर महानगरपालिक भु-उपयोग पहिलो सशोधन कार्यविधि २०७९
- प्रसुति सट्टा शिक्षक व्यवस्थान मापदण्ड २०७९
- टोल विकास सस्था गठन तथा परिचालन कार्यविधि २०७९
- प्रारम्भिक बाल विकास तथा शिक्षा निर्देशिका २०७९
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि २०७९
- विद्यालय सामूदायिक सहयोग व्यवस्थापन कार्यविधि २०७९

२०८१ /०८२ को लैससास परीक्षण अन्तिम प्रतिवेदन लेखनको क्रममा, विराटनगर महानगरपालिकाको कानून शाखाले उपलब्ध गराएको तथांक अनुसार २०७९ साल बैशाख यता २०८२ असारसम्म निम्न कानुनी दस्तावेजहरु बनेर प्रयोगमा आईरहेका छन्

**२०७९ बैशाख-चैत्र (ऐन)**

- विनयोजन ऐन, २०७९
- आर्थिक ऐन, २०७९
- खेलकुद ऐन,२०७९

**२०७९ बैशाख देखि चैत्रसम्म बनेका कार्यविधि, निर्देशिका, मापदण्ड एवं नियमावलीहरु**

- विराटनगर महानगरपालिका न्यायिक समिति निर्वाचन कार्यविधि २०७९
- विराटनगर महानगरपालिका मर्मत सम्भार कोष सञ्चालन कार्यविधि २०७९
- शहरी पुर्वधार निर्माण कार्यविधि एव योजना अनुगमन तथा सुपरिवेक्षण मापदण्ड २०७९
- विराटनगर महानगरपालिक भु- उपयोग पहिलो सशोधन कार्यविधि २०७९

- प्रसुति सट्टा शिक्षक व्यवस्थान मापदण्ड २०७९
- टोल विकास सस्था गठन तथा परिचालन कार्यविधि २०७९
- प्रारम्भिक वाल विकास तथा शिक्षा निर्देशिका २०७९
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि २०७९
- विद्यालय सामूदायिक सहयोग व्यवस्थापन कार्यविधि २०७९

**२०८० बैशाखदेखि चैत्रसम्म बनेका ऐनहरु**

- आर्थिक ऐन, २०८०
- कर तथा गैरकर राजश्व सम्वन्धि ऐन २०७८ पहिलो संशोधन, २०८०
- विराटनगर महानगरपालिकाको विनियोजन ऐन, २०८०
- सुर्तिजन्य पदार्थ विक्रि वितरण र सेवन गर्न नियन्त्रण र निषेध गर्ने ऐन, २०८०
- विराटनगर महानगरपालिकाको आर्थिक ऐन (पहिलो संसोधन), २०८०
- सहकारी ऐन २०७५, दोश्रो संसोधन,२०८०
- महानगर बहुप्राविधिक शिक्षालय ऐन (पहिलो संसोधन), २०८०
- विराटनगर महानगरपालिका शिक्षा ऐन (दोश्रो संसोधन),२०८०

**२०८० वैशाख देखि २०८० चैत्रको अवधिमा बनेका कार्यविधि, निर्देशिका, मापदण्ड एवं नियमावलीहरु**

- विराटनगर महानगरपालिका यातायात व्यवस्थापन कार्यविधि २०७७ को चौथो संशोधन २०८०
- लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०८०
- विराटनगर महानगरपालिकाको घरबहाल व्यवस्था कार्यविधि २०८०
- विराटनगर महानगरपालिकाको सम्पति कर व्यवस्थापन कार्यविधि २०८०
- विराटनगर महानगरपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि २०८०
- विराटनगर महानगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०८०
- विराटनगर यातायात व्यवस्थापन कार्यविधि, २०८०
- बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०८०
- स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन विधि, २०८०
- शहर सौन्दर्यकरण, निर्माण सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८०
- अटिज्म सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

**२०८१ बैशाख-चैत्र(खण्ड-७) (भाग १)**

- नगर प्रहरी ऐन, २०८०
- विराटनगर प्रज्ञा प्रतिष्ठान ऐन, २०८०
- बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०८०
- आर्थिक ऐन, २०८१
- विनियोजन ऐन, २०८१
- नगर प्रहरी (दोश्रो संसोधन) ऐन, २०८१
- आर्थिक (पहिलो संसोधन) ऐन, २०८१

**२०८१ वैशाख-चैत्र (कार्यविधि, निर्देशिका, मापदण्ड, नियमावली) (खण्ड-७) (भाग २)**

- विराटनगर महानगरपालिकाका कर्मचारीहरुको तह वृद्ध सम्बन्धी कार्यविधि २०८१
- विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०८१
- अटिज्म सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०
- संस्थागत विद्यालय छात्रावृत्ति कार्यविधि २०८१
- फोहोर मैला व्यवस्थापन कार्यविधि, २०८१
- विरेन्द्र सभा गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१
- विराटनगर यातायात व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१
- निजीक्षेत्रले नेतृत्व गरी सञ्चालन गर्ने सीपमूलक तालिम सञ्चालन कार्यविधि, २०८१
- विराटनगर महानगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८०
- घ वर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी कार्यविधि, २०८१
- क्षयरोग मुक्त अभियान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१
- स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१
- स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१
- विराटनगर महानगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०८१
- महिलाहरुलाई तीन पाङ्ग्रे अटो तथा ईरिक्साका लागि अनुदान एवं बिउँपुजी वितरण सम्बन्धी कार्यविधि, २०८१

**२०८२ बैशाख-असार (खण्ड-८) (भाग १)**

- एकल महिला सुरक्षा कोष ऐन, २०८१,
- खानेपानी, सरसफाई तथा स्वच्छता ऐन, २०८१
- आर्थिक ऐन, २०८२
- विनियोजन ऐन, २०८२

२०८२ बैशाख-असार (खण्ड-८) (भाग २)

- स्थानीय राजपत्र प्रकाशन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१
- बाल कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१
- किशोरी सूचना तथा परामर्श केन्द्र सञ्चालन कार्यविधि, २०८१
- अनुसन्धान तथा शोधवृत्ति कार्यक्रम कार्यविधि, २०८२
- वृत्ति मार्गनिर्देशन सेवा इकाई व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८२

*स्रोत : कानून शाखा, विराटनगरमहानगर पालिका, पौष २०८२*

## विराटनगर महानगर पालिकाको जातजाति विवरण

वि.सं २०७८ को जनगणनाको तथ्यांकनुसार पुरुष १२१९५४ र महिला १२१९७३ गरी जम्मा २४३९२७ जनसंख्या रहेको यस महानगरपालिकाको मूख्य मुख्य जातजाति विवरण निम्नानुसार रहेको छ ।

| जात/जाति | जनसंख्या | | |
|---|---|---|---|
| | जम्मा | पुरुष | महिला |
| पहाडी ब्राह्मण | ३९३७७ | १८९३७ | २०४४० |
| क्षेत्री | २३२६३ | ११११२५ | १२१३८ |
| मुस्लिम | २१२७९ | १०७१७ | १०५६२ |
| यादव | १४३२० | ७६०० | ६७२० |
| केवट | १००७० | ५१५२ | ४९१८ |
| नेवाः (नेवार) | ९६२२ | ४६५६ | ४९६६ |
| तेली | ७७५७ | ४०४८ | ३७०९ |
| धानुक | ७६०० | ३९४१ | ३६५९ |
| राजवंशी | ७२२४ | ३६३८ | ३५८६ |
| थारु | ६८४३ | ३३९७ | ३४४६ |
| मारवाडी | ६५६८ | ३३७४ | ३१९४ |
| मलाहा | ६४३४ | ३२७६ | ३१५८ |

| | | | |
|---|---|---|---|
| मुसहर | ५४७५ | २७५४ | २७२१ |
| तराई ब्राम्हण | ४७५२ | २४७९ | २२७३ |
| सुँडी | ४२२९ | २१४५ | २०८४ |
| अमात | ४१६६ | २१५३ | २०१३ |
| हलुवाई | ३९७४ | २०३४ | १९४० |
| नुनिया | ३७२६ | १८९६ | १८३० |
| दुसाध/पासवान/पासी | ३४७० | १८०९ | १६६१ |
| कायस्थ | ३१४३ | १५९३ | १५५० |
| राई | २६८७ | १२३० | १४५७ |
| विदेशी | २५०७ | १२२८ | १२७९ |
| मगर | २४०८ | ११२३ | १२८५ |
| हजाम/ठाकुर | २२७३ | ११८६ | १०८७ |
| तामाङ्ग | २१४६ | ९९० | ११५६ |
| कल्वार | २०१६ | १०४१ | ९७५ |
| तत्मा/तत्वा | २००३ | १०१५ | ९८८ |
| अन्य | ३४५९५ | १७४१७ | १७१७८ |
| जम्मा | २४३९२७ | १२१९५४ | १२१९७३ |

लैससासको क्षेत्रमा आ व २०८१/०८२  मा सञ्चालित एवं महिला, बालबालिका तथा समाज कल्याण शाखाले अभिलेखीकरण गरेको मुख्य कार्यक्रमहरु

## महिला, बालबालिका तथा समाज कल्याण शाखाबाट भएका कार्यक्रमको सम्पन्न विवरण

## आ.व.२०८१/०८२

क. बालबालिका लक्षित कार्यक्रम

| सि.नं. | सम्पन्न कार्यक्रमको नाम | पटक | लाभान्वित व्यक्ति | | | | विनियोजित बजेट | प्रगति प्रतिशत | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | बालक/ बालिका | जम्मा | | | | |
| बाल संरक्षण कार्यक्रम | | | | | | | | | | |
| १. | बाल संरक्षण प्रवर्द्धन कार्यक्रम(बालश्रम, *बालविवाह* र दाईजो नियन्त्रण, पूर्ण जन्म दर्ता, लागु पदार्थ दुर्व्यसन, साईवर अपराध, खोप र विद्यालय भर्ना बारेमा सचेतना तथा अभिमुखीकरण कार्यक्रम) | 4 | 123 | 42 | - | 165 | २,००,०००/- | १०० | 1,89,000/- | 94.50 |
| २. | बाल विवाह, दाईजो प्रथा, साइवर क्राइम, लागूपर्दाथ दुर्व्यसन विरुद्ध सडक नाटक र बृतचित्र मार्फत सचेतनामूलक कार्यक्रम | 19 | 760 | 240 | 500 | 1500 | 4,00,000/- | 100 | 3,98,878/- | 99.72 |
| ३. | बालश्रम निवारण कार्यक्रम | 4 | 138 | 33 | - | 171 | २,००,०००/- | १०० | 1,99,600/- | 99.80 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४. | बाल हेल्पलाईन (१०९८) मार्फत संचालन तथा व्यवस्थापनका लागि सिवीन नेपाललाई सहयोग | 1 | - | - | 10/ 22 | ३२ | २,००,०००/- | 100% | 1,97,994/- | 99 |
| ५. | वडास्तरीय बालक्लव सञ्जालका सदस्यहरुलाई उद्घघोषण, कार्यसम्प्रेसन डकुमेन्टेसन सम्बन्धी २ दिने तालिम | - | - | - | - | - | २,५०,०००/- | - | - | - |
| ६. | बाल अधिकार समिति तथा बालकल्याण अधिकारीद्वारा अनुगमन एवं फलोअप | - | - | - | - | - | ५०,०००/- | - | - | - |
| ७. | बालक्लव सदस्यलाई मनोविर्मश परामर्शका लागि ध्यान केन्द्र सञ्चालन | - | - | - | - | - | १,५०,०००/- | - | - | - |
| ८. | नगर बाल अधिकार समितिको बैठक सञ्चालन | 4 | 40 | 30 | 6 | 76 | १,५०,०००/- | १००% | 78,170/- | 52.11 |
| ९. | विद्यालयका संरक्षक शिक्षकहरुका लागि बालमैत्री स्थानीय शासन तालिम २ दिने | 3 | 53 | 36 | - | 89 | ४,००,०००/- | 100% | 3,01,729/- | 75.43 |
| | **बाल सहभागिता प्रवर्द्धन** | | | | | | | | | |
| १०. | बालक्लबका पदाधिकारीहरुलाई क्षमता विकास तालिम कार्यक्रम २ दिने | ३ | - | - | ४०/ ५० | ९० | २,७०,०००/- | १००% | 2,62,115/- | 97.08 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११. | विद्यालय बालक्लव पुनगर्ठन | - | - | - | - | - | ४,००,०००/- | १००% | २ वर्ष कार्यभार बनाएकाले पुर्नगठन नगरिएको | - |
| १२. | वडा बाल भेला सञ्चालन योजना तर्जुमा र पुर्नगठनको लागि प्रति वडा २५,०००/- | 6 | - | - | 117/129 | 246 | 4,76,000/- | 100% | 4,25,030/- | 89.48 |
| १३. | नगर बालक्लव सञ्जाल पुर्नगठन तथा नगर भेला योजना तर्जुमा | 1 | - | - | 61/ 48 | 110 | २,००,०००। | १००% | 1,80,660/- | 90.33 |
| १४. | पुर्व बालक्लवका पदाधिकारीहरु र सम्बन्धी शाखाको कर्मचारीहरुलाई ७ दिने TOT तालिम(प्रशिक्षक प्रशिक्षण) (बालमैत्री स्थानीय शासन सम्बन्धी) | 1 | 18 | 17 | - | 35 | ५,००,०००/- | 100% | 4,98,300/- | 99.95 |
| १५. | नगर बालक्लब सञ्जालका पदाधिकारीहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धी क्षमता विकास तालिम कार्यक्रम २ दिने | - | - | - | - | - | ६०,०००/- | - | - | - |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १६. | बाल उद्धार कोष स्थापना | 1 | - | - | आ.अ. | - | १,००,०००/- | 100% | 1,00,000/- | 100 |
| १७. | नगर बालक्लव सञ्जालको क्षमता विकासका लागि अध्ययन अवलोकन भ्रमण | १ | ४ | २ | १३/ ११ | ३२ | ३,५०,०००/- | १००% | ३,४७,८२८/- | ९९.३८ |
| १८. | बालक्लव सूचीकृत तथा प्रमाणपत्र वितरण समारोह | - | - | - | - | - | २,५०,०००/- | - | - | - |
| **बालमैत्री स्थानीय शासन संस्थागत प्रवर्द्धन** | | | | | | | | | | |
| १९. | बालमैत्री पर्चा पम्प्लेट/ अध्ययन सामाग्री तयारी तथा छपाई | १ | - | - | - | - | २,००,०००/- | १००% | १,५०,०००/- | ७५ |
| २०. | लागूपदार्थ दुर्व्यसन र साइवर क्राइम बारे विद्यालय स्तरमा सचेतना कार्यक्रम | - | - | - | - | - | २,४०,०००/- | - | - | - |
| २१. | बालबालिकाको स्थिति प्रतिवेदन प्रकाशन | - | - | - | - | - | ४,००,०००/- | - | महिलाको स्थितीपत्र तयारीका लागि रकमान्तर | - |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २२. | टोल विकास संस्थाको अध्यक्षहरुका लागि बालमैत्री प्रवर्द्धन सम्बन्धी १ दिने अभिमुखीकरण | - | - | - | - | - | १,२०,०००/-, | - | - | - |
| २३. | मानव बेचविखन विरुद्धको क्षेत्रमा कार्य गर्ने संघसंस्थाको सहकार्यमा विद्यालयहरुमा मानव बेचबिखन सचेतना कार्यक्रम | ४ | १० | १० | ९०/७५ | १८५ | २,००,०००/- | १००% | १,७५,०००/- | ८७.५० |
| २४. | बाल उद्यान तथा बालमैत्री स्थानीय शासन अध्ययन केन्द्र सञ्चालन व्यवस्थापन समिति र खगोल तथा अन्तरिक्ष विज्ञान अध्ययन अनुसन्धान समिति सञ्चालन परिचालन, इन्टरनेट जडान | २ | १७ | २१ | ३/५ | ४६ | १,००,०००/- | १००% | ४९,२००/- | ४९.२० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | समेत(बैठक र मसलन्द) | | | | | | | | | |
| २५. | खोज तथा अनुसन्धानमुखी अन्तरिक्ष विज्ञान कार्यक्रम सञ्चालन | 2 | 36 | 46 | - | 82 | २,००,०००/- | 100% | 1,41,970/- | 70.99 |
| २६. | खगोल तथा अनुसन्धानमुखी अन्तरिक्ष विज्ञान कार्यक्रम सञ्चालन | - | - | - | - | - | २,००,०००/- | - | - | - |
| २७. | खगोल विज्ञान अभिमुखीकरण, क्षमता अभिबृद्धि र क्लव गठन | - | - | - | - | - | ५०,०००/- | - | - | - |
| २8. | अनुसन्धानको अवसर तथा खगोल विज्ञान क्याम्प | - | - | - | - | - | १,५०,०००/- | - | - | - |
| २9. | चक्कामा खगोल विज्ञान(Astronomy on | ६ | ४६ | ११९ | - | १६५ | ५०,०००/- | १०० % | ५०,०००/- | १०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Wheels) | | | | | | | | | |
| 30. | खगोल विज्ञान कार्यशाला सञ्चालन तथा एस्टेरोइड सर्च कार्यशाला | - | - | - | - | - | १,००,०००/- | - | - | - |
| ३1. | नासा स्पेस एप्स च्यालेन्ज कार्यक्रम | - | - | - | - | - | ५०,०००/- | १०० % | ३८,९२९/- | ७७.८६ |
| ३2. | बालमैत्री वडा घोषणाको पूर्वतयारीका लागि १८ र १९ वडा नं.मा स्वंयसेवक परिचालन | - | - | - | - | - | २,००,०००/- | - | - | - |
| ३3. | नगर बालमैत्री स्थानीय शासन समिति बैठक सञ्चालन(त्रैमासिक बैठक) | - | - | - | - | - | ५०,०००/- | - | - | - |
| ३4. | बालबालिका सम्बन्धी राष्ट्रिय र अन्तरराष्ट्रिय दिवसहरु र पुरस्कार सहित | १ | १२ | १९ | ९९/ ८१ | २११ | ७५,०००/- | १०० % | ६७,२००/- | ९४.५० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३5. | बालक्लव व्यवस्थापन खर्च(आवश्यक सामाग्री युनिफर्म, मसलन्द, अन्य) | - | - | - | - | - | ८०,०००/- | - | - | - |
| ३6. | नगर बालक्लव सञ्जालको मासिक बैठक निरन्तरता | १२ | - | - | १२८/१०२ | २३० | १,६०,०००/- | १०० % | १,३०,२००/- | ८१.३८ |
| ३7. | बाल उद्यान अध्ययन केन्द्र सञ्चालन स्टेसनरी समेत | - | - | - | - | - | ५०,०००/- | - | - | - |
| | | | | | | जम्मा | ६६,३१,०००/- | | ३८,१२४६३/- | ५७.४९ |

ख. महिला लक्षित कार्यक्रम

| सि.नं. | सम्पन्न कार्यक्रमको नाम | पटक | लाभान्वित व्यक्ति | | | जम्मा | विनियोजित बजेट | प्रगति प्रतिशत | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | बालक/बालिका | | | | | |
| १. | महिला क्षमता अभिबृद्धि तालिम | ४ | ९० | - | - | ९० | २०,००,०००/- | १००% | १९,८४,०००/- | ९९.२० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | (नगरस्तरीय ) | | | | | | | | | |
| २. | दिवसीय कार्यक्रम (महिला सम्बन्धी महिला हिंसा विरुद्धको १६ दिने अभियानसमेत) | ३ | ४००/- | ३००/- | | ७००/- | १,५०,०००/- | १००% | १,२९,५२०/- | ८६.३५ |
| ३. | एकल महिला सुरक्षा कोष | - | - | - | - | - | १,५०,०००/- | १००% | १,५०,०००/- | १०० |
| ४. | लैङ्गिक हिंसा अन्त्यका लागि परिवार सम्वाद कार्यक्रम(सासु-बुहारी | ३ | ८४ | - | - | ८४ | ३,००,०००/- | १००% | ३,००,०००/- | १०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्तरक्रिया कार्यक्रम, महिला पुरुष समविकास) | | | | | | | | | | |
| ५. | लैङ्गिक परिक्षण लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण (GESI Audit) | १ | - | - | - | - | १,५०,०००/- | | १००% | १,५०,०००/- | १०० |
| ६. | महिलाको सीप तथा आर्थिक सशक्तिकरणका लागि अटो तथा सिटी रिक्सा र मर्मत तालिम साथै अनुदान कार्यक्रम प्रत्येक व्यक्ति१,००,०००/- | १ | १ १ | - | - | १ १ | ११,००,०००/- | | १००% | ११,००,०००/ - | १०० |
| ७. | लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य (UNFPA)परियोजना सँग सहकार्य अनुसुची(क) | १ | - | - | - | - | ३०,००,०००/- | | १००% | ३०,००,००० /- | १०० |
| ८. | वडा स्तरीय महिला समिति गठन/परिचालन बैठक सञ्चालन(अर्धवार्षिक) | १९ | ६६३ | | ३५ | | ६९ ८ | १,५०,०००/ - | १००% | १,२३,५००/- | ४२.३३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९. | OCMC व्यवस्थापन सहयोग | १ | - | - | - | - | ३,००,०००/- | १००% | २,८३,२०६/- | ९४.४० |
| १०. | पिछडिएका समुदायका महिलाहरुको सशक्तिकरणका लागि सचेतना कार्यक्रम(दाइजो, लैङ्गिक हिंसा, घरेलु हिंसा सम्बन्धी) | ४ | १५९ | १७ | - | १७८ | २,००,०००/- | १००% | १,९९,०००/- | ९९.५० |
| ११. | व्यवसायिक गरिरहेका वा गर्न इच्छुक पिछडिएका, हिंसा प्रभावित महिला तथा किशोरीहरुलाई आर्थिक सशक्तिकरणका लागि बिउपुँजी वितरण | - | - | - | - | - | ६,००,०००/- | - | - | - |
| १२. | विभिन्न सरोकारवाला संघसंस्थाहरुसँग बैठक | | | | | | ६०,०००/- | | | |
| १३. | बालबालिका उपर हुने शारिरीक तथा मानसिक ज्याजदी विरुद्व अभिभावकहरुलाई सचेतना कार्यक्रम १ दिने | | | | | | १,१६,०००/- | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४. | लैङ्गिक रुपान्तरण पद्धतिमा आधारित जोडी सत्रका सहभागी जोडीहरुसँगको फ्लोअप बैठक र अन्तरक्रिया ६, ८, १५ वडा नं. (अर्धवार्षिक बैठक) | | | | | | २,००,०००/- | | | |
| १५. | गृहणी महिलाहरुलाई विद्युतिय सचेतनामूलक कार्यक्रम | | | | | | ३,००,०००/- | | | |
| १६. | पिछडिएका महिलाहरुलाई स्कुटर/बाइक मर्मत तालिम | | | | | | १,९५,०००/- | | | |
| १७. | कार्यक्रमले पारेको प्रभाव स्थलगत अध्ययन | | | | | | २,७१,०००/- | | | |
| १८. | महिलाको स्थिति पत्र प्रकाशन | | | | | | ७,००,०००/- | | | |
| १९. | बालबालिका तथा किशोरीहरु माथि हुने हिंसा( अपहेलना, दुर्व्यवहार, लैङ्गिक विभेद) को सवालमा अन्तरक्रिया/छलफल | २ | ७० | - | - | ७० | ८०,०००/- | १००% | ८०,०००/- | १०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०. | किशोरी सूचना केन्द्र स्थापना(वडास्तर, महानगर-१) | - | - | - | - | - | ६०,०००/- | - | - | - |
| २१. | किशोरी सशक्तिकरण कार्यक्रम( विद्यालयमा किशोरी सशक्तिकरण समूह गठन तथा परिचालन, विद्यालयलाई कार्यक्रम अनुदान, प्रति विद्यालय रु.७५०००/- | ३ | - | - | - | - | २,२५,०००/- | १००% | २,४१,१००/- | ९५.१६ |
| २२. | किशोरी सूचना केन्द्रको त्रैमासिक बैठक(वडा तथा महानगरपालिकाको) | १ | ६४ | ३ | - | ६७ | २,००,०००/- | १००% | २८,४००/- | १४.२ |
| २३. | किशोरी सूचना केन्द्र व्यवस्थापन | - | - | - | - | - | ५०,०००/- | - | - | - |
| २४. | किशोरी सूचना सम्बन्धी सशक्तिकरणको बृत्तचित्र तयार गर्ने | - | - | - | - | - | १,००,०००/- | १००% | | |
| **जम्मा** | | | | | | | १,१०,५७,०००/- | | ६३,२३,९००/- | ५७.१९ |

ग. ज्येष्ठ नागरिक लक्षित कार्यक्रम

| सि.नं. | सम्पन्न कार्यक्रमको नाम | पटक | लाभान्वित व्यक्ति | | | जम्मा | विनियोजित बजेट | कार्यक्रम प्रगति प्रतिशत | खर्च बजेट | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | बाल बालिका | | | | | |
| १ | राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस र विश्व अल्जाईमर दिवस | १ | २५ | ७५ | - | १०० | ७५,०००/- | १००% | ७०,०००/- | ९३.३३ |
| २ | ज्येष्ठ नागरिक अन्तरपुस्ता सीप हस्तान्तरण सचेतना डकुमेन्टरी निर्माण | - | - | - | - | - | ३,००,०००/- | - | - | - |
| ३ | नगरस्तरीय ज्येष्ठ नागरिकको अर्धवार्षिक अन्तरक्रिया (अनुभव आदान प्रदान) | - | - | - | - | - | १,००,०००/- | - | - | - |
| ४ | ज्येष्ठ नागरिकहरुको उद्धार, राहत, व्यवस्थापन तथा अन्य सहयोग कार्यक्रम | - | - | - | - | - | ५०,०००/- | - | - | - |
| ५ | ज्येष्ठ नागरिक पुस्तकालय स्थापना तथा व्यवस्थापन | - | - | - | - | - | १,००,०००/- | - | - | - |
| ६ | ज्येष्ठ नागरिक र संरक्षक परिवार बीच अन्तरक्रिया कार्यक्रम | १ | ६५ | ७३ | - | १३८ | १,२०,०००/- | १००% | ९१,९९०/- | ७६.६६ |
| ७ | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा संघसंस्थाको अनुगमन तथा नियमन | - | - | - | - | - | ५०,०००/- | - | - | - |
| जम्मा : | | | | | | | ७,९५,०००/- | | १,६१,९९०/- | २०.३८ |

घ. अपाङ्गता क्षमता विकास कार्यक्रम

| सि.नं. | सम्पन्न कार्यक्रमको नाम | पटक | लाभान्वित व्यक्ति | | | जम्मा | विनियोजित बजेट | कार्यक्रम प्रगति प्रतिशत | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | बालक/ बालिका | | | | | |
| १. | अपाङ्गता परिचयपत्र शिविर, बैठक सञ्चालन(मासिक) | - | - | - | - | - | ३,००,०००/- | १००% | २,५५,०००/- | ८५ |
| २. | बहिरा व्यक्तिहरुका लागि प्रजनन् स्वास्थ्य तथा आफ्नो सुरक्षा गर्ने सम्बन्धमा सचेतना तालिम ३ दिने | - | - | - | - | - | २,५०,०००/- | - | - | - |
| ३. | पूर्ण अशक्त र अत्ति अशक्त अपाङ्गता भएका व्यक्तिहरुका अभिभावकहरुलाई हेरचाह सम्बन्धी अभिमुखीकरण कार्यक्रम | ६ | २४ | ५२ | - | ७६ | १,२०,०००/- | १००% | १,०७,०६०/- | ८९.२२ |
| ४. | अपाङ्गताहरुको उद्धार, राहत, व्यवस्थापन तथा अन्य सहयोग कार्यक्रम | - | - | - | - | - | ५०,०००/- | - | - | - |
| ५. | कर्मचारीहरुका लागि सांकेतिक भाषा पुनताजगी तालिम | - | - | - | - | - | २,२५,०००/- | - | - | - |
| ६. | अनुगमन तथा निरीक्षण | ७ | ४ | ३ | - | ७ | ५०,०००/- | १००% | ४५,०००/- | ९० |
| ७. | सहायक सामाग्री मर्मत | - | - | - | - | - | ५०,०००/- | - | - | - |
| ८. | मिलिजुली समूहको लागि स्टेसनरी | - | - | - | - | - | ५०,०००/- | - | - | - |
| | जम्मा : | | | | | | १०,९५,०००/- | | ४,०७,०६०/- | ३७.१७ |

ङ. अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम (पुनस्थापना तर्फ):

| सि.नं. | सम्पन्न कार्यक्रमको नाम | पटक | लाभान्वित व्यक्ति | | | जम्मा | बजेट | | जम्मा बजेट | कार्यक्रम प्रगति प्रतिशत | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | बाल बालिका | | स्थानीय तह | प्रदेश सरकार | | | | |
| १. | नव दम्पत्तिलाई वितरण गरिने शुभकामना कार्ड छपाई | १ | - | - | - | - | १०२९५० | - | १०२९५० | १००% | १०२९५० | १०० |
| २. | नव विवाहित दम्पत्ति तथा गर्भवती महिलाहरुका लागि कार्ड तथा (गर्भ पुर्व तथा गर्भ पश्चात) फोलिक एसिड चक्की वितरण अभिलेख रजिष्टर छपाई | १ | - | - | - | - | २०७६०० | - | २०७६०० | १००% | २०७६०० | १०० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३. | नव विवाहित दम्पत्ति तथा गर्भवती महिलाहरुका लागि(गर्भ पुर्व तथा गर्भ पश्चात) फोलिक एसिड चक्की खरिद | - | - | - | - | - | ६००००० | | ६००००० | - | - | - |
| ४. | RUSG सञ्चालन खर्च | - | - | - | - | - | ५३२०० | | ५३२०० | - | - | - |
| ५. | जन्मजात अपाङ्गता पहिचान भएका नवजात शिशुको उपचारमा लैजानका लागि सहयोग | - | - | - | - | - | ३००००० | | ३००००० | - | - | - |
| ६. | प्रोफाइल तथा पुनःस्थापना योजना तयारी | १ | ११ | ३२ | - | ४३ | ८५००० | | ८५००० | १००% | २४००० | २८.२३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७. | अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचारमा सहयोग | १ | २ | ७ | - | ९ | - | ३३०००० | ३३०००० | १००% | २१८४३७ | ६६.१९ |
| ८. | सहयोगी सामाग्री सहयोग | १३७ | ४७ | ९० | - | १३७ | ४५०००० | २५०००० | ७००००० | १००% | ७००००० | १०० |
| ९. | सीपमूलक र व्यवसायिक तालिम | १ | १८ | ७ | | २५ | १३०००० | - | १३०००० | १००% | १३०००० | १०० |
| १०. | अन्तर्राष्ट्रिय अपाङ्गता दिवस | १ | १०२ | १५१ | | २५३ | ९५००० | - | ९५००० | १००% | ९५००० | १०० |
| ११. | मिलिजुली समुहको बैठक | १२ | ८२ | ५९ | - | १४१ | २५६५०० | - | २५६५०० | १००% | १२७९०० | ४९.८६ |
| १२. | मिलिजुली समुहको लागि बचत, ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम | १ | ३४ | १७ | ५१ | | १६०००० | - | १६०००० | १००% | १६०००० | १०० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३. | सिविआर सहजकर्ताको प्रशासनिक खर्च(स्टेशनरी तथा रिचार्ज खर्ज) | १२ | ४ | - | - | ४ | ५०००० | - | ५०००० | १००% | २४००० | ४८ |
| १४. | पालिका स्तरिय समिक्षा बैठक तथा वार्षिक योजना निर्माण कार्यशाला | - | - | - | - | - | ३६५०० | - | ३६५०० | - | - | - |
| १५. | सिविआर सहजकर्ता, ओ.पि.डी. प्रतिनिधी र कार्यक्रम सम्पर्क व्यक्तिको साथै उपप्रमुख र कार्यकारीसँग मासिक बैठक | ७ | ३८ | ४० | - | ७८ | १२६००० | - | १२६००० | १००% | ७८००० | ६१.९० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६. | विभिन्न किसिमका फारम छपाई | १ | - | - | - | - | १००००० | - | १००००० | १००% | १००००० | १०० |
| १७. | अपाङ्गता भएका व्यक्तिहरुको संस्था(ओ.पि.डि.) सुदृढीकरण तथा अपाङ्गता सशक्तिकरण कार्यक्रम सञ्चालन अनुदान | ७ | ६० | १०१ | - | १६१ | ५०००० | १००००० | १५०००० | १००% | १५०००० | १०० |
| १८. | अपाङ्गता भएका व्यक्तिहरुका लागि व्यवसाय प्रर्वद्धन अनुदान | १ | ५ | ५ | - | १० | ३३०००० | - | ३३०००० | १००% | ३००००० | ९०.९० |
| १९. | अपाङ्गता सहायता कक्षा सञ्चालन( सहजकर्ता पारिश्रमिक, लुगा भत्ता सहित) | १२ | १ | - | - | - | २१८००० | १४३००० | ३६१००० | १००% | ३६१००० | १०० |
| २०. | अनुगमन तथा मुल्याङ्कन | ७ | ४ | ५ | - | | ५०००० | - | ५०००० | १००% | ५०००० | १०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१. | फिजियोथेरापी सेवा सञ्चालन(पारिश्रमिक) अघिल्लो वर्षको सहित | १२ | - | १ | - | - | ५३४२५० | - | ५३४२५० | १००% | ३९७१८१ | ७४.३४ |
| २२. | फिजियो थेरापी सञ्चालनको लागि समान खरिद तथा मर्मत खर्च | - | - | - | - | - | ५०००० | - | ५०००० | - | - | - |
| जम्मा | | | | | | | ३९८५००० | ८२३००० | ४८०८००० | | ३२२६०६८ | ६७.१० |

च. प्रदेश सरकार शशर्त अनुदान :

| सि.नं. | सम्पन्न कार्यक्रमको नाम | संघ -संस्थाको नाम | विनियोजित रकम | कार्यक्रम प्रगति | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | स्थानीय तहको साझेदारीमा हिंसा पिडित महिलाका लागि अल्पकालिन सुरक्षित आवास गृह सञ्चालन सहयोग अनुदान | माइती नेपाल, एबीसी नेपाल,ओरेक | ५,००,०००/- | १००% | ४,९६,३४८/- | ९९.२७ |
| २. | स्थानीय तहहरुसँगको साझेदारीमा बौद्धिक अपाङ्गता तथा अटिजम भएका बालबालिकाका लागि संस्थागत अनुदान | अटिजम केयर सोसाइटी | १,००,०००/- | १००% | १,००,०००/- | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | स्थानीय तहको साझेदारीमा बाल कल्याण गृहमा आश्रित बालबालिकाका लागि संस्थागत अनुदान | पुर्वाञ्जल बाल सेवा आश्रम | ३,५०,०००/- | १००% | ३,५०,०००/- | १०० |
| ४. | स्थानीय तहको साझेदारीमा बृद्धाश्रमहरुको सुदृढिकरण तथा व्यवस्थापन सहयोग कार्यक्रम | विराटेश्वर वृद्धाश्रम सेवा समिति | २,००,०००/- | १००% | २,००,०००/- | १०० |
| ५. | सांकेतिक भाषा संकलन तथा परिमार्जनका लागि राष्ट्रिय बहिरा महासंघ कोशी प्रदेशलाई अनुदान | रार्ट्रिष्य बहिरा महासंघ | ३,००,०००/- | १००% | २,९९,६००/- | ९९.८७ |
| ६. | मस्तिष्क पक्षघात सि.पि. दिवा सेवा स्याहार केन्द्र विराटनगर मोरङ्ग व्यवस्थापन तथा सञ्चालन | मस्तिष्क पक्षघात सि.पि. दिवा सेवा स्याहार केन्द्र | ५,००,०००/- | १००% | ४,९८,४००/- | ९९.६८ |
| ७. | वडा नं. ४ का विपन्न महिलाहरुको शसक्तिकरणका लागि सिपमूलक तालिम | समृद्ध समाज नेपाल | ५,००,०००/- | १००% | ४,९९,५००/- | ९९.९० |
| ८. | ज्येष्ठ नागरिक समाज वडा नं. ४ आदर्श टोल सञ्चालन तथा व्यवस्थापन | ज्येष्ठ नागरिक समाज | ५,००,०००/- | १००% | ५,००,०००/- | १०० |
| **जम्मा :** | | | २९,५०,०००/- | | २४,९३,८४८/- | ८४.५३ |

## संचालित कार्यक्रमहरुको उपलब्धि, चुनौती र समस्या तथा सिकाईहरु

**उपलब्धिहरु :**

महिलाले गर्ने घरायसी कार्यमा पुरुषको सहभागिता बढेको परिवारमा विभेद न्यूनीकरण हुन थालेको बाल विवाह लगायत हिंसामा जन्य उजुरीहरु बढि रहेको।नगर, वडा तथा विद्यालयमा बालक्लव सक्रिय भै विभिन्न स्थान/ विद्यालयहरुमा सचेतना कार्यक्रम सञ्चालन गरिएको। सञ्चालित सशक्तिकरण कार्यक्रमबाट हिंसा गर्न हुदैन हिंसाको प्रतिकार आफैबाट हुनु पर्छ भन्ने सोचको विकास भैरहेको। विपन्न महिलाहरुमा क्षमता तथा आत्मविश्वासमा बृद्धि भएको । छोरी र बुहारीले पढेर जागिर खानुपर्छ उद्यमी बन्नु पर्छ पैसा कमाउन सक्छन भन्ने कुराको गाउँघरमा चेतना जागेको छ । छोरी पढाउनु पर्छ भन्ने चेतना भएकोले विद्यालयमा छोरीको संख्या बढेको छ । पारिश्रमिक पाउने काममा महिलाको सकारात्मक बृद्धि भएकोछ। विराटनगर महानगरपालिकाको महिलाहरुको स्थिती पत्र प्रकाशनका लागि प्रारम्भिक तथ्याङ्क संकलन गर्नका लागि घरधुरी सर्वेक्षण सम्पन्न गरिएको।

**चुनौती तथा समस्या :**

कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गलाई समावेश गराउन निकै कठिन भएको। महिला र पुरुष समान हो भन्ने भावनाको विकास नभएको। महिलाहरुको घरायसी कार्य बोधका कारण कार्यक्रममा सहभागी गराउन कठिन भएको। जघन्य अपराध नहुँदा सम्म हिंसा हो भन्ने बुझाइ नै नभएको साथै घरेलु हिंसाजन्य क्रियाकलाप घर बाहिर आउँदा सम्म गम्भिर अवस्थामा पुग्ने गरेको। परम्परागत सोचको घेरा तोडन गाह्रो महिला, हिंसाका घटनालाई व्यक्तिगत रुपमा लिने प्रचलन। मिलीजुली समूहलाई वचत ऋण व्यवस्थापन परिचालन खासै सक्रिय नभएको।

**सिकाई :**

लैंङ्गिक हिंसाका घटना व्यक्तिगत नभएर सामाजिक हो भनेर समुदाय देखि नै साझा दृष्ट्रिकोण बन्न पर्ने ।विराटनगर महानगरपालिकामा ५१ प्रतिशत महिला र३१ प्रतिशत बालबालिकाको संख्या रहेकोछ उनीहरुको शसक्तीकरण र नेतृत्व विकास विना पुरुषको मात्र सक्रियता मा परिवार, समाज र नगरबासीको विकास हुन सम्भव नरहने। महिला, समूह किशोरी समूह , बालबालिका मार्फत हिंसा निवारण र सचेतना जगाउन सकिने रहेछ। महिला सशक्तिकरण र लैङ्गिक हिंसा निवारणका कार्यक्रम सञ्चालन गर्दा पुरुषलाई पनि सहभागी गराउन पर्ने रहेछ ।

नीतिगत उपलब्धि एवं सम्बोधनको अवस्था विश्लेषण

क) बालबालिका लक्षित नीति

आ.व. २०८१-०८२ मा बालबालिका लक्षित  केही महत्वपूर्ण नीति सम्बोधन भएका छन ।“सानै छु बढ्न देऊ, बाल विवाह होइन पढ्न देऊ” भन्ने नारालाई सफल बनाउन नेपाल सरकारले सन् २०३० सम्ममा बाल विवाह मुक्त राष्ट्र बनाउने प्रतिवद्धता जनाएको हुँदा बाल विवाह मुक्त महानगरपालिका घोषण गर्न बाल विवाह विरुद्धको कार्यक्रम अभियानका रुपमा सञ्चालन गर्न किशोरी सशक्तिकरण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ भनि नीतिगत तय भएका कार्यक्रम संचालनमा आएका छन् । विभिन्न संघसंस्थाहरुसँगको समन्वय र सहकार्यबाट सडक बालबालिका, बालश्रम र बाल विवाह निवारण गर्ने कार्यहरुलाई थप प्रभावकारी बनाइएको छ । लागुपदार्थ दुर्व्यसन, साइवर अपराध, लैङ्गिक हिंसा जस्ता बालबालिकाहरुलाई हुने सम्भावित जोखिमबाट बचाउन प्रहरी कार्यालय र बालक्लवको समन्वयमा विद्यालयस्तरमा सचेतना कार्यक्रम सञ्चालन भएका छन् । बालक्लवको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रम सञ्चालन बाल सहभागिता अभिबृद्धि गरिने कार्यलाई निरन्तरता दिइएको छ । नगर क्षेत्र भित्रका बालगृह तथा बाल आश्रकहरुको नियमन तथा अनुगमनलाई प्रभावकारी बनाइएको छ । विपदमा परेका बालबालिकाहरुको उद्धार तथा पुनःस्थापनाका लागि बाल कोषको व्यवस्था गरी सहयोगका कार्यहरु भएका छन् ।

**यद्दपी,** बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि नगर र वडास्तरीय बाल अधिकार समितिलाई थप क्रियाशील बनाउने नीति थप सम्बोधन गर्नुपर्ने देखिएको छ ।मनोसामाजिक समस्यामा परेका बालबालिकाहरुलाई  मनोविमर्शकर्ताद्वारा परामर्श सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिनु जरुरी छ ।किशोरी सशक्तिकरण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ भनि नीतिगत तय भएका कार्यक्रम संचालनमा आएका छन् । विभिन्न संघसंस्थाहरुसँगको समन्वय र सहकार्यबाट सडक बालबालिका, बालश्रम र बाल विवाह निवारण गर्ने कार्यहरुलाई थप प्रभावकारी बनाइएको छ । लागुपदार्थ दुर्व्यसन, साइवर अपराध, लैङ्गिक हिंसा जस्ता

बालबालिकाहरुलाई हुने सम्भावित जोखिमबाट बचाउन प्रहरी कार्यालय र बालक्लवको समन्वयमा विद्यालयस्तरमा सचेतना कार्यक्रम सञ्चालन भएका छन् । बालक्लवको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रम सञ्चालन बाल सहभागिता अभिबृद्धि गरिने कार्यलाई निरन्तरता दिइएको छ । नगर क्षेत्र भित्रका बालगृह तथा बाल आश्रकहरुको नियमन तथा अनुगमनलाई प्रभावकारी बनाइएको छ । विपदमा परेका बालबालिकाहरुको उद्धार तथा पुनःस्थापनाका लागि बाल कोषको व्यवस्था गरी सहयोगका कार्यहरु भएका छन् ।विराटनगर महानगरपालिकालाई बालमैत्री नगर घोषणा गर्नका लागि बालबालिकाहरुको स्थिति प्रतिवेदन र रणनीति योजना तर्जुमा गरी कार्यन्वयन गर्नु आवस्यक छ ।बालबालिकाको सर्वाङ्गिण विकासका लागि बाल बचाउँ, संरक्षण, विकास र सहभागिताका सूचकका आधारमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ र नगरका सबै बालबालिकाहरुको पहुँचका लागि बालमैत्री पार्क र खेल मैदानलाई थप निर्माण र व्यवस्थापन गरिदै लाने नीतिगत व्यवस्थालाई सम्बोधन गरिनु पर्ने छ । बालबालिकाको स्थिति प्रतिवेदन तयारी र प्रकाशन गर्न आवस्यक जनशक्ति एवं स्वयमसेवक परिचालन गरिने नीतिगत कार्य सम्बोधन हुन् बाँकी रहेका छन् ।

**ख) महिला लक्षित नीति**

विराटनगर महानगरपालिकामा आ. व. २०८१ /०८२ मा महिला लक्षित केही महत्वपूर्ण नीतिगत सम्वोधनहरु भएका छन् । खासगरी, "महिलाको आर्थिक सशक्तिकरण हाम्रो अभियान, महिला माथि लगानी महानगरको पहिचान" भन्ने नारालाई साकार गर्न महिलाको आर्थिक र सामाजिक सशक्तिकरणका लागि विभिन्न रोजगारमूलक सीप विकास तालिम र सचेतनामूलक कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनुका साथै उद्यमशीलता विकास कार्यक्रममा भएको सहयोगलाई Innovative Startup Business मा जोडी महिलाको उत्पादनलाई स्थानीय बजारमा बिक्री गर्ने व्यवस्था मिलाईने नीति लाई कार्यान्वयनमा ल्याइएको छ ।"महानगरको चाहना हिंसारहित नगरको कामना" कार्यक्रम अन्तर्गत लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य योजनालाई निरन्तरता दिइएको छ।सडकपेटीमा रात बिताउने असहाय तथा साहाराविहिन मानवहरुलाई नगर

प्रहरी मार्फत उद्धार गरी उचित व्यवस्थापन गर्ने नीति कार्यन्वयन भएको छ । सामाजिक क्षेत्रसँग सम्बन्धित खण्डिकृत तथ्याङ्क संकलन गरी अभिलेखीकरण प्रकाशन प्रसारण गर्ने व्यवस्था मिलाउने कार्य प्रारम्भ भएको छ ।महानगरपालिकाद्वारा निर्माण भएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई कार्यान्वयनमा ल्याइएको छ ।

प्रत्येक वडामा महिला सशक्तिकरण समुह/समिति/किशोरी समुह गठन गरी मदिरा नियन्त्रण, लागु औषध दुर्व्यसन, बालबालिका न्युनिकरण जस्ता सामाजिक विकृति विरुद्ध परिचालन गरिनुका साथै महिलाहरुलाई आय आर्जनसँग समेत आवद्ध गर्दै लाने नीतिलाई कार्यन्वयनमा ल्याईएको छ ।एकल महिला सम्मानजनक जीवनयापनमा सहयोग पुर्न्याउन आर्थिक सशक्तिकरण सीपमूलक तालिम, बिउँ पुँजी उपलब्ध गराउनुको साथै एकल महिला सुरक्षा कोषलाई निरन्तरता दिइएको छ ।महानगरलाई लैङ्गिक हिंसामुक्त बनाउन समाजको संस्थाहरुको सहयोग र सहकार्यमा सञ्चालित लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य योजनालाई निरन्तरता दिँदै सबै वडामा कार्यक्रम विस्तार गर्ने नीतिगत सम्बोधन भएको छ । लैङ्गिक हिंसाबाट प्रभावितहरुलाई उपलब्ध गराउदै आएको सहयोगलाई निरन्तरता दिइईएको छ ।महिलाहरुको सुरक्षालाई मध्यनजर गर्दै विधुतिय प्रविधिको प्रयोग र सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम सञ्चालनमा आएका छन् ।

यद्दपी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, दलित समुदाय, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, मधेसी पिछडा वर्गको भाषा, कला, साहित्य तथा संस्कृति संरक्षणमा सहयोग पुर्न्याउने खालका कार्यक्रम तथा पर्याप्त बजेट तर्जुमा गर्नु पर्नेछ । त्यसैगरी, बाल सेवा आश्रम, मानव सेवा आश्रम तथा सुरक्षित आवास गृहको संस्थागत व्यवस्थापनमा सहयोग गर्ने नीतिलाई सम्बोधन गर्नु आवस्यक छ । एकल महिला तथा साहारा विहिन महिलालाई उद्धार पुनःस्थापना सहयोगलाई प्रभावकारी बनाईने नीतिलाई थप सम्बोधन गर्नु पर्ने देखिएको छ ।

घ) ज्येष्ठ नागरिक लक्षित नीति

आ. व. २०८१ /०८२ मा विराटनगर महानगरपालिकामा **ज्येष्ठ नागरिक लक्षित** नीतिगत सम्वोधनहरु पनि भएका छन् । ज्येष्ठ नागरिक माथि हुने हिंसा र दुर्व्यवहार विरुद्ध शुन्य सहनशीलताको नीति लिई अलपत्र परेका असहाय, घरवारविहीन र साहारा विहिन ज्येष्ठ नागरिकलाई सहयोग पुर्‍याउदै आएको कार्यक्रमलाई निरन्तरता दिन नीतिगत सम्बोधन भएका छन् । ज्येष्ठ नागरिक दिवस, पुस्तकालय, पत्रपत्रिका, दिवा सेवा केन्द्र, भ्रमण जस्ता कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइएको छ । ज्येष्ठ नागरिकको हकहितमा कार्य गर्ने संस्थालाई अनुदान रकम उपलब्ध गराइएको छ ।

यद्दपी, ज्येष्ठ नागरिकको सम्मान, सभ्यताको पहिचान" लाई मुर्त रुप दिन ज्येष्ठ नागरिकहरुलाई अनुभवी र परिपक्व नागरिकहरुका रुपमा सम्मान गर्दै सहजजीवन यापनका लागि विद्यालय स्तरमा उनीहरुको अनुभव, ज्ञान, सीप हस्तान्तरण कार्यक्रमलाई वृत्तचित्र निर्माण तथा प्रसारण गर्ने नीतिगत प्रयासलाई सम्बोधन गर्न बाँकी रहेको छ ।

## ६.२ लैससास परिक्षणको क्रममा आएका तथ्यांकहरू

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण अभिमुखिकरणका क्रममा ५ वटा समूहहरुले समूहगतरुपमा ५ वटा मुख्य विषयहरु भित्रका २२ वटा सहायक विषयहरुका प्रत्येक सूचकहरुमा प्रमाणीकरणका आधारहरुमाथि छलफल गर्दै अंक प्रदान गरेका थिए।सूचकहरुले पाएको अंकभार अनुसार ७९.५ अंक प्राप्त गरेको हुँदा विराटनगर महानगरपालिका लैससासको दृष्टिले उत्तम अवस्थामा रहेको देखिन्छ ।यद्दपि, आगामी आ व मा सुधार गरी कार्यान्वयन गर्नुपर्ने विषय र क्षेत्रहरु समेत पहिचान गरिएको छ ।

# खण्ड – तीन

## विश्लेषण

## ७. लैससास परीक्षण विश्लेषणका औजारहरु

विराटनगर महानगरपालिकामा आ.व.२०८१-०८२ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैसासस) को अवस्था र उपलब्धी परीक्षण गर्दा लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ मा उल्लेख गरिएका प्रमुख ५ वटा मुख्य विषयहरुमा २२ वटा सहायक विषयहरुका १०० वटा सूचकहरुले प्राप्त गरेका अंकहरुको विश्लेषण गरिएको छ । मुख्य विषयमा रहेका प्रत्येक सोचाकमा १ अंकका दरले जम्मा २० वटा सूचकहरु अंकभार २० रहेको छ । लैससास परीक्षणको क्रममा सम्पन्न गरिएका कार्यशालामा निर्धारित १०० वटा सूचकहरुका प्रमाणीकरणका आधारहरुमाथि छलफल एवं विश्लेषण गरिएको थियो।सोहि विश्लेषणका आधारमा सूचकहरुमा अंकभार समेत प्रदान गरिएको थियो । अन्त्यमा मुख्य विषयहरुले कति कति अंक प्राप्त गरे भनेर छलफल गरी तालिका मार्फत माकुरे जालो समेत बनाई विश्लेषण गरिएको थियो।

**विश्लेषणका औजारहरु**

आ. व. २०८१/८२ को लैससास परिक्षण विश्लेषणका औजारहरु निम्न प्रकार तय गरि सम्पन्न गरिएको छ :

- लैससास परीक्षण कार्यतालिका निर्माण
- विभिन्न दस्तावेजहरु अध्ययन तथा समिक्षा
- प्रमुख व्यक्तिहरुसँग छलफल
- दुई वटा कार्यशाला संचालन
- प्राप्त नतिजा माकुरे जालो तथा विभिन्न तालिकाहरुमा विश्लेषण तथा प्रस्तुति

- सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती विश्लेषण तथा प्रस्तुति (SWOT analysis)
- आगामी कार्ययोजना निर्माण
- प्रतिवेदन तयारी

## ८. तथ्याङ्कको तुलनात्मक अध्ययन तथा विश्लेषण

विराटनगर महानगरपालिकाको आ व २०८१/०८२ को लैससास परीक्षण गर्दा ५ वटा मूल विषयहरुका २२ वटा सहायक विषयहरु भित्र रहेका १०० वटा सूचकहरुका प्रमाणीकरणका आधारहरुलाई केलाउँदै महानगरपालिकाले लैससास मूलप्रवाहीकरणका लागि तयार गरेका निति निर्देशिकाहरु, वार्षिक कार्ययोजना तथा बजेट, योजना छनौटका ७ वटा चरणहरुमा लैंगिक तथा सामाजिक असमावेशी समूदायहरुको सहभागिताको अवस्था साथै सञ्चालित योजनाहरुको लैससासको दृष्टिकोणबाट गरिएका अनुगमन तथा मूल्याँकनका प्रतिवेदनहरुलाई अध्ययन गर्दै अंकभार प्रदान गरिएको थियो (लैससास परीक्षण दिग्दर्शन २०७८ को परिच्छेद ४ दफा ४.१ अनुसार)।

| क्रसं | मुख्य विषय | पूर्णाङ्क | १ अंक प्राप्त गर्ने सूचकहरु | ०.५ अंक प्राप्त गर्ने सूचकहरु | ० अंक प्राप्त गर्ने सूचकहरु | कूल प्राप्तांक | प्रतिशत | नतिजा |
|---|---|---|---|---|---|---|---|---|
| १ | नीति, कानून, योजना | २० | ११ | ९ | ० | १५.५ | ७७.५ | उत्तम |
| २ | संस्थागत व्यवस्था | २० | १३ | ७ | ० | १६.५ | ८२.५ | सर्वोत्तम |
| ३ | मानव संसाधन तथा क्षमता विकास | २० | १४ | ६ | ० | १७.० | ८५.० | सर्वोत्तम |
| ४ | सेवा प्रवाह | २० | ८ | १२ | ० | १४.० | ७०.० | उत्तम |
| ५ | सुशासन तथा उत्तरदायित्व | २० | १३ | ७ | ० | १६.५ | ८२.५ | सर्वोत्तम |
| | **जम्मा** | १०० | ५९ | ४१ | ० | ७९.५ | ७९.५ | उत्तम |

**१ नीति, कानून, योजना - प्राप्तांक १५.५ (७७.५%)**

- नीति र कानूनमा समावेशिता/सहभागिता- पूर्णांक ८ मा प्राप्तांक ६.५ (८१.३%)
- योजना तर्जुमा तथा कार्यान्वयन -पूर्णांक ८ मा प्राप्तांक ६(७५%)
- बजेट तर्जुमा तथा कार्यान्वयन -पूर्णांक ४ मा प्राप्तांक ३ (७५ %)

**२ संस्थागत व्यवस्था प्राप्तांक १६.५ (८२. ५ %)**

- कर्मचारी पदाधिकारी प्रतिनिधित्व पूर्णांक ४ मा प्राप्तांक ३ (७५%)
- कार्यप्रणाली समावेशी पूर्णांक ४ मा प्राप्तांक ३.५ (८७.५%)
- समिति,उपसमिति र कार्यदलमा प्रतिनिधित्व पूर्णांक ४ मा प्राप्तांक ३.५(८७.५%)
- वित्त व्यवस्थापन प्रणालीमा समावेशिता पूर्णांक ४ मा प्राप्तांक४ ( १००%)
- तथ्याङ्क सङकलन तथा व्यवस्थापन पूर्णांक ४ मा प्राप्तांक २.५(६२.५ %)

**३. मानव संसाधन तथा क्षमता विकास प्राप्तांक १७ ( ८५ %)**

- मानव संसाधन तथा क्षमता विकास पूर्णांक ८ मा प्राप्तांक ७ (८७.५%)
- अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरूद्ध जनचेतना पूर्णांक ४ मा प्राप्तांक ३.५ (८७. ५ %)
- कानूनी साक्षरता पूर्णांक ४ मा प्राप्तांक ३ (७५%)
- विपद व्यवस्थापनमा समावेशिता पूर्णांक ४ मा प्राप्तांक ३.५ (८७. ५ %)

**४. सेवा प्रवाह प्राप्तांक १४ (७०%)**


- पूर्वाधार विकास पूर्णांक ४ मा प्राप्तांक २ (५०%)
- प्रजनन् स्वास्थ्य पूर्णांक ४ मा प्राप्तांक ३.५ (८७. ५ %)
- शिक्षा कार्यक्रम पूर्णांक ४ मा प्राप्तांक ४ (१००%)
- खानेपानी तथा सरसफाइ पूर्णांक ४ मा प्राप्तांक २.५(६२.५%)

- स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन पूर्णांक ४ मा प्राप्तांक २ (५०%)

५. **सुशासन तथा उत्तरदायित्व प्राप्तांक १६.५ (८२.५%)**

- सुशासन पूर्णांक ४ मा प्राप्तांक ३.५ (८७. ५ %)
- उत्तरदायित्व र जवाफदेहिता पूर्णांक ४ मा प्राप्तांक ४ (१०० %)
- सूचना तथा संचार पूर्णांक ४ मा प्राप्तांक ३.५ (८७. ५ %)
- अनुगमन तथा मूल्याङ्कन पूर्णांक ४ मा प्राप्तांक ३ (७५ %)
- समन्वय र सम्बन्ध बिस्तार पूर्णांक ४ मा प्राप्तांक २.५ (६२.५ %)

अंङ्कहरुको आधारमा तुलनात्मक विश्लेषण गर्दा, मुख्य विषयहरुमा सबैभन्दा बढी मानव संसाधन तथा क्षमता विकास तर्फ २० अंकमा प्राप्तांक १७(८५%), संस्थागत व्यवस्था र सुशासन तथा उत्तरदायित्वमा समान प्राप्तांक १६.५(८२.५%), नीति, कानून रयोजनामा प्राप्तांक १५,५ (७७.५%) र सेवा प्रवाह तर्फको २० अंकमा प्राप्तांक १४ (७०%) रहेको छ ।




विराटनगर महानगरपालिकामा लैससासको मूलप्रवाहीकरणका लागि नीतिहरु निर्माण भएको पाइयो। महिला तथा लक्षित वर्ग समूदायहरुको योजना निर्माण र कार्यान्वयनमा पहुँच कम पुगेको अवस्था छ। लैससासमैत्री नीति तथा कानुनहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने दिखिन्छ । स्थानीय तहका योजना छनौटका ७ वटा चरणहरुमा महिला तथा लक्षित वर्ग समूदायहरुको सहभागिता भएता पनि लैससासको मूलप्रवाहीकरणका दृष्टीले केहिमात्र भएको पाईयो। आगामी आ.व.मा योजना छनौटका ७ वटा चरणहरुमा महिला तथा लक्षितवर्ग समूदायहरुको अर्थपूर्ण सहभागिता गराउन आवश्यक छ । योजना तर्जुमा, बजेट विनियोजन तथा कार्यान्वयन गर्दा महिला तथा लक्षित वर्ग समूदायहरु संग छलफल गरी कार्यक्रम गर्न आवश्यक देखिन्छ ।यस परीक्षण पश्चात तयार गरिएको कार्ययोजनालाई पूर्ण रुपमा कार्यान्वयन गरेको अवस्थामा अगामी वर्षमा धेरैवटा सूचकहरुमा सय प्रतिशत अंक प्राप्त गर्ने संभावना देखिन्छ ।

## खण्ड – चार

## उपलब्धी

### ९. मुख्य उपलब्धीहरु

- विराटनगर महानगर पालिकामा लैससास कार्यान्वयन समिति र कार्यदल गठन भएको छ।
- लैससास अन्तर शाखा सरोकारको र cross-cutting विषय भएको बुझाई भएको छ ।
- लैससास परीक्षण दिग्दर्शन २०७८ को दायराभित्र रहेर जनप्रतिनिधि तथा विभिन्न महाशाखा र शाखाका प्रमूख एवं कर्मचारीहरुको सूचकहरुमाथिको छलफल र अभ्यासमा संवेदनशिल भएर अंक प्रदानमा सहभागीता रहेको छ ।
- लैससास परीक्षणको अभ्यास पश्चात महानगरपालिकाको वार्षिक योजना तथा बजेट लैससास क्षेत्रमा सहयोगी बजेट रहेको महशुस भएको छ ।
- आगामी बजेट तर्जुमा गर्दा लैससास उत्तरदायी बजेट बनाउनका लागि जनप्रतिनिधिहरु प्रतिबद्ध भएका छन्।
- आगामी आ.व.मा योजना तर्जुमा गर्दा महिला र लक्षित वर्गहरुको सहगागीतालाई सुनिश्चत गर्न जनप्रतिनिधिहरु प्रतिबद्ध भएका छन्।
- महानगरपालिकामा निर्माण भएका ऐन, कानून, कार्यविधि र निर्देशिकाहरुलाई लैससासमैत्री बनाउन कार्य गर्ने भएका छन्।.
- स्वतन्त्र विज्ञको सहजीकरणमा दुईवटा लैससास परीक्षण कार्याशाला सम्पन्न गरी परीक्षण नतिजा प्राप्त भएको छ ।
- लैससास परीक्षणका ५ वटा सूचकहरुको नतिजाको आधारमा सवल पक्ष, कमजोरी पक्ष, अवसर तथा चुनौतिहरु विश्लेषण गरिएको छ ।

- परीक्षणबाट देखिएका सुधार गर्नुपर्ने क्षेत्रको आधारमा कार्ययोजना बनाई आगामी वर्षको वार्षिक कार्यक्रमा राखी बजेट बिनियोजन र कार्यन्वयन गर्न प्रतिबद्ध भएका छन्।
- लैससास परिक्षण गर्नका लागि बजेट विनियोजन भएको गरिएको छ।
- गत आव २०८० /०८१ को तुलनामा आव २०८१ /०८२ मा यस महानगरपालिकाले लैससासको क्षेत्रमा थप कानुन, योजना निर्माण र बजेट विनियोजन गरी कार्यान्वयन गरेको लैससास परीक्षणले देखाएको छ।
- विराटनगर महानगरपालिकाको लैससास प्रतिफल क्रमश सुधार हुँदै गएको पाईएको छ ।आ व २०७७/०७८ को ५४ अङ्क थियो भने, आव २०७८ /०७९ मा यस महानगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका गर्दा १०० वटा सूचकहरुमा ७०.५ अंक प्राप्त भएको थियो र आ. व. २०७९ /०८० मा १०० वटा सूचकहरुमा ७४.५ अंक प्राप्त भएकोमा आ. व. २०८०/०८१ मा सो प्राप्तांक ७८ पुगेको थियो भने आ.व. २०८१/०८२ मा ७९.५ अंक प्राप्त भएको छ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको कार्यलाई प्रत्येक वर्ष बजेट विनियोजन गरि निरन्तरता दिंदै लैजाने विषयमा महानगरपालिका प्रतिबद्ध रहेको छ ।

## १०. लैससास परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको अवस्था

### १०.१ परीक्षण पश्चात प्रमुख सूचकहरुले प्राप्त गरेका अङ्कहरुको लेखाजोखा

विराटनगर महानगरपालिकाका कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत र विभिन्न विषयगत शाखाहरुमा कार्यरत प्रमुख कर्मचारीहरु, विभिन्न सामाजिक संघ संस्थाका प्रतिनिधि तथा कार्यदलको सक्रीय सहभागितामा दुईदिने अभिमुखीकरण कार्यशालामा

विस्तृत अन्तरक्रिया, छलफल र अभ्यास गरिएको थियो। उक्त दुईदिने अभिमुखीकरण कार्यक्रममा लैंगिक परीक्षणको स्कोरिङ गरिएको थियो।

तालिका न २

**विराटनगर महानगरपालिका**

**५ वटा मूल विषयहरुमा शीर्षकगत प्रासाङ्क तालिका**

आर्थिक वर्ष २०८१/०८२

| क्र. स. | मूल विषय | सूचक र उप- सूचकहरु | पूर्णाङ्क | कुल प्रासाङ्क | प्रासाङ्क प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नीति, कानून, योजना (३) | १.१.१ –१.१.८, १.२.१ – १.२.८, १.३.१ – १.३.४ | २० | १५.५ | ७७.५ |
| २ | संस्थागत व्यवस्था (५) | २.१.१ – २.१.४, २.२.१ – २.२.४, २.३.१ – २.३.४, २.४.१ – २.४.४, २.५.१ – २.५.४ | २० | १६.५ | ८२.५ |
| ३ | मानव संसाधन तथा क्षमता विकास (४) | ३.१.१ – ३.१.८, ३.२.१ – ३.२.४, ३.३.१ – ३.३.४, ३.४.१ – ३.४.४ | २० | १७.० | ८५.० |
| ४ | सेवा प्रवाह (५) | ४.१.१ – ४.१.४, ४.२.१ – ४.२.४, ४.३.१ – ४.३.४, ४.४.१ – ४.४.४, ४.५.१ – ४.५.४ | २० | १४.० | ७०.० |
| ५ | सुशासन तथा उत्तरदायित्व (५) | ५.१.१ – ५.१.४, ५.२.१ – ५.२.४, ५.३.१ – ५.३.४, ५.४.१ – ५.४.४, ५.५.१ – ५.५.४ | २० | १६.५ | ८२.५ |
| | | **जम्मा** | १०० | ७९.५ | ७९.५ |


तालिका न. ३

विराटनगर महानगरपालिका

आर्थिक वर्ष २०८१ /०८२

१०.२ लैससास परीक्षण नतिजाको माकुरे जालो एवं अन्य तालिकाहरु

विराटनगर महानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवस्थाको लेखाजोखा




तालिका न ४

विराटनगर महानगरपालिका

आर्थिक वर्ष २०८१/०८२


लैससास परीक्षण नतिजा (बार चार्ट)



तालिका न ५

विराटनगर महानगरपालिका


आर्थिक वर्ष २०८१/०८२



तालिका न ६

विराटनगर महानगरपालिका

आर्थिक वर्ष २०८१/०८२



तालिका न ७

विराटनगर महानगरपालिका

आर्थिक वर्ष २०८१/०८२

## ११. विराटनगर महानगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबल पक्ष र सुधार गर्नपर्ने पक्षहरु

| सूचक | प्रासाङ्क | सबल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौति |
|---|---|---|---|---|---|
| | | **मूल विषयः नीति, कानुन योजना** | | | |
| १.१.१ | १ | स्थानीय तहको नीति तथा कानुनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरे \नगरेको । | | | |
| १.१.२ | १ | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण गरि सुनिश्चित गर्ने गरे /नगरेको । | | | |
| १.१.३ | १ | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरु समावेश गरिएको छ । | | | |
| १.१.४ | ०.५ | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीतिहरु छन् / छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरे/नगरेको । | बनेका नीतिको कार्यन्वयन एवं अभिलेख राख्नु पर्ने | लैंगिक हिंसा सम्बन्धी निर्देशिका एवं कोष रहेको , लैंगिक नीति बनेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१.५ | १ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान राखिएको छ । | | | |
| १.१.६ | १ | संघीय कानुनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिँसा र विभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाएको छ। | | न्यायिक समिति, महिला बालबालिका शाखा प्रभावकारी रहेको | |
| १.१.७ | ०.५ | स्थानीय नीति तथा कानुनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान रहेको छ। | छुट्टै कानून निर्माण गर्नु आवश्यक | संघीय कानून रहेको | |
| १.१.८ | ०.५ | स्थानीय तहको नीति तथा कानुनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहे / नरहेको | स्थानीय तहको नीति तथा कानुन निर्माण गर्नु पर्ने | संघीय प्रावधान अनुसार नै कार्यहरु गरिएको । सामी परियोजना संचालन भएको । | |
| १.२.१ | ०.५ | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गरे/नगरेको । | वार्षिक नीति एवं कार्यक्रम संगै आवधिक योजना समेत निर्माण गरि समावेशी विकासका लागि रणनीति निर्माण गर्नु पर्ने । आवधिक योजना निर्माण गर्नु पर्ने । | वार्षिक नीति भएको । | |
| १.२.२ | ०.५ | महानगरनगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको । | बजेटमा निश्चित प्रतिशत छुट्याउने | नीति, कार्यक्रम एवं बजेटमा समावेश भएको। | |
| १.२.३ | १ | स्थानीय तहको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता हुने गरे, नगरेको र लक्षित समूहले छनौट गरेका योजना प्राथमिकतामा पर्ने गरे / नगरेको । | | वडामा योजना छनौटको प्राथमिकीकरण । | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.२.४ | ०.५ | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल हुने गरे/नगरेको । | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा व्यापक छलफल गरिनु पर्ने । | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा व्यापक छलफल गर्ने सकिने । | जनप्रतिनिधीहरुको लैससासका क्षेत्रमा न्यून सम्वेदनशिलता । |
| १.२.५ | ०.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए /नगरिएको । | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्नु पर्ने । | आ. व. २०८१-०८२देखि **थालनी भएको "विराटगरको महिलाको स्थिति पत्र" निर्माण सम्पन्न हुँदा, अवस्था विश्लेषणको** आधारमा, योजना तर्जुमा गरि महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै आवश्यकता पहिचान गरी (अवस्था विश्लेषणको आधारमा) सो अनुसारको कार्यक्रम तय गर्ने अवसर मिल्ने छ । | |
| १.२.६ | १ | स्थानीय तहले दीगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरे / नगरेको । | | | |
| १.२.७ | ०.५ | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्नेगरी बनेको । | प्रत्यक्ष लाभ पुग्नेगरी बनाउनु पर्ने । | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्नेगरी आंशिक रुपमा बनेको | |
| १.२.८ | १ | स्थानीय तहका उपभोक्ता समितिहरुमा लक्षित समूहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भए। नभएको र मुख्य कार्यकारी पदको जिम्मेवारी दिएको । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.३.१ | १ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेशी, मुस्लिम, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल (विश्लेषण) गर्ने गरिए / नगरिएको । | | | |
| | | | | | |
| १.३.२ | १ | स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिए / नगरिएको र सोको कार्यान्वयन भए/ नभएको । | स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरी सोको कार्यान्वयन गर्नु पर्ने । | महानगरपालिकाले लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गर्न सक्ने । | |
| १.३.३ | ०.५ | परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गरिए /नगरिएको र सो को कार्यान्वयन भए/नभएको । | परिक्षण पश्चात लैङ्गिक तथा समावेशी परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गरी सोको कार्यान्वयन गर्नुपर्ने । | महानगरपालिकाले लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गरी सोको कार्यान्वयन गर्न सक्ने । | जनप्रतिनिधीहरुको लैससासका क्षेत्रमा न्यून सम्वेदनशिलता । |
| १.३.४ | ०.५ | स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्ययोजना अनुरूप कार्यक्रम संचालन गर्ने गरिए /नगरिएको । | बजेट प्रतिशत तोकिनु पर्ने | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **मूल विषयः संस्थागत व्यवस्था** | | | |
| २.१.१ | ०.५ | स्थानीय तहको निर्णायक तहमा महिलाहरू (पदाधिकारी/कर्मचारी) को समानरुपमा ( ५० /५० प्रतिशत) प्रतिनिधित्व भए/नभएको । | १. लैससासलाई अधार मानी बजेट व्यवथापन, तालिम तथा छलफल हुनुपर्ने ।<br>२. लैससास नीति निर्देशिका कार्यविधी योजना तयार गर्नु पर्ने। ३. स्थानीय तहको निर्णायक तहमा महिलाहरू (पदाधिकारी/कर्मचारी) को समानरुपमा ( ५० /५० प्रतिशत) प्रतिनिधित्व हुनुपर्ने । | १. पर्याप्त जनशक्ति<br>२. बजेट विनियोजन<br>३. जनप्रतिनिधिहरुको सकारात्मक सोच<br>४. स्थानीय सरकारको सहयोगी भावना | १. लैससास हर्ने निर्दिष्ट जिम्मेवारी नतोकिनु ।<br>२. कर्मचारीको सरुवाले गर्दा जिम्मेवारी परिवर्तन हुनु ।<br>३. संस्थागत विकासका लागि सबै वर्ग र जातिलाई समावेश गराउन नसकिनु । |
| २.१.२ | १ | १. स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिई सो बमोजिम कार्यान्वयन भएको । | | | |
| २.१.३ | ०.५ | स्थानीय तहले महिला लगायत विशेष जातजाति तथा समुदायलाई सेवा प्रदान गर्दा सम्बन्धित लक्षित वर्ग वा समूदायको भाषा, संस्कृति र रहन सहन बुझेको साथै महिला संवेदनशील कर्मचारी वा जनप्रतिनिधि समेत समावेश भएको कार्यटोली वा शाखा मार्फत सेवा दिने गरे/नगरेको । | कार्यटोली निर्माण गर्नु पर्ने | सांकेतिक भाषा विज्ञ एवं अपाङ्गता हेल्पलाईन भएको । | |
| २.१.४ | ०.५ | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति लिए/नलिएको तथा उक्त नीति कार्यन्वयन गरिए/नगरिएको । | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति लिई उक्त नीति कार्यन्वयन गरिनुपर्ने । | तालिम हुने गरेको | |
| २.२.१ | ०.५ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति रहेको । | कार्यनीति बनाई लागु गर्नु र्ने | लैंगिक नीति बनेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.२.२ | १ | स्थानीय तहमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ। (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान गरेको छ । | | | |
| २.२.३ | १ | स्थानीय तहबाट कार्यालयमा हुनसक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाव, महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरे /नगरेको । | | | |
| २.२.४ | ०.५ | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए/ नभएको र यस समितिले वडा तथा वस्तिस्तरमा योजाना सम्वन्धी छलफल समावेशी भए नभएको अनुगमन गरे /नगरेको | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता गराई यस समितिले वडा तथा वस्तीस्तरमा योजाना सम्बन्धी छलफल समावेशी भए नभएको अनुगमन गरि अभिलेखीकरण गर्नु पर्ने । | लै स सा स कार्यान्वयन समिति रहेको | |
| २.३.१ | १ | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहेको । | | | |
| २.३.२ | १ | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायका प्रतिनिधिहरूले छलफल तथा निर्णय निर्माणमा सक्रियरुपमा भागलिन पाएको । | अर्थपूर्ण सहभागिताका लागि, सुझाव सहितको निर्णय पुस्तिका तयार गरी अभिलेख राख्ने | | |
| २.३.३ | १ | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन र समीक्षा सम्वन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरे /नगरेको | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.३.४ | १ | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन हुने गरे /नगरेको । | | | |
| २.४.१ | १ | स्थानीय तहमा लैङ्गिक हिँसा निवारण,महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत व्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेखगरी छुट्टै कोष स्थापना गरी कार्यान्वयन भए/नभएको | | | |
| २.४.२ | १ | आदिवासी जनजाति, दलित लगायत अन्य लक्षित समूहका महिलाहरूको विकास र सशक्तिकरणको लागि बजेटको व्यवस्था भएको/नभएको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरे/ नगरेको | | | |
| २.४.३ | | स्थानीय तहमा लैङ्गिक डेस्कको स्थापना र संचालनको लागि आवश्यक जनशक्ति लगायत अन्य स्रोत साधनको लागि बजेटको व्यवस्था भएको र सो अनुसार कार्य भएको। | | | |
| २.४.४ | १. | स्थानीय तहले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरेको र कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने गरेको । | | | |
| २.५.१ | ०.५ | स्थानीय तहले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याँक संकलन तथा अध्यावधिक गर्ने गरेको/नगरेको। | स्थानीय तहले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याँक संकलन तथा अध्यावधिक गर्नु पर्ने । | महिलाको स्थिति पत्र बनाउने कार्यक्रम स्वीकृत भै संचालनमा रहेको | |
| २.५.२ | ० | स्थानीय तहले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याँक संकलन गर्दा बेरोजगार तथा गरीबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने गरेको । | खण्डिकृत सूचना/तथ्याँक संकलन आवश्यक रहेको | महिलाको स्थिति पत्र बनाउने कार्यक्रम रहेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.५.३ | ० | स्थानीय तहले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने गरे/नगरेको । | पार्श्वचित्र अद्यावधिक गर्नु पर्ने, स्थानीय तहले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानी स्थानीय विकास योजना तर्जुमा गर्नुपर्ने । | केही वडाले (वडा ११ र १२) बनाएको , केही वडा स्तरमा बन्दै गरेको प्रोफाइल बन्दै गरेको ।महानगर वडा प्रोफाईल अध्यावधिक गर्ने । | |
| २.५.४ | १. | स्थानीय तहले आफ्नो क्षेत्रका सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याँक अध्यावधिक गरेको । | | | |
| | | | | | |
| | | **मूल विषयः मानव संसाधन तथा क्षमता विकास** | | | |
| ३.१.१ | ०.५ | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे/नगरेको र छुट्टै शिर्षकमा बजेट विनियोजन भए/नभएको र यस्तो रकम खर्च गर्ने कार्यविधि स्वीकृत भइ कार्यान्वयनमा आए /नआएको । | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरि छुट्टै शिर्षकमा बजेट विनियोजन गर्नु पर्छ साथै यस्तो रकम खर्च गर्ने कार्यविधि स्वीकृत गराइ कार्यान्वयन गरिनु पर्छ। | कार्यजोजना तयार भएको | |
| ३.१.२ | १ | स्थानीय तहका पदाधिकारी/कमर्चारी/ लक्षित समुहले लैङ्गिक तथा समावेशी विकास, लैंगिक हिंसा निवारण सम्बन्धी तालिम लिएको र तालिम कार्यकममा लक्षित समूह तथा महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चित गरेको छ। | | | |
| ३.१.३ | १ | तालिमका विषयवस्तुमा महिलाका आवश्यकता तथा सवालहरु समेटिएको र प्रस्तुतीकरणमा लैङ्गिक सम्वेदनशील भाषाको प्रयोग भएको साथै तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिएको । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.१.४ | १ | तालिमका विषयवस्तुको प्रस्तुतीकरणमा लैङ्गिक सम्बेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर सेवा सुविधा सम्वन्धमा पृष्ठपोषण लिए/नलिएको | | | |
| ३.१.५ | १ | स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम संचालन लगायतका कार्यक्रम कार्यान्वयन गर्न सक्ने यथेष्ट जनशक्ति रहेको छ । | | | |
| ३.१.६ | १ | स्थानीय तहमा मानव संसाधन विकास केन्द्र/ शाखा/इकाइको व्यवस्था भएको र ती निकायमा जनशक्ति व्यवस्था गरेको छ । | | | |
| ३.१.७ | ०.५ | स्थानीय तहमा महिला र लक्षित समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालनका लागि कार्यक्रम तर्जुमा र बजेट विनियोजन गरी र सो कार्यक्रमलाई कार्यान्वयन गरे/ नगरेको | लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन भएको । थप समुदाय लक्षित कार्यक्रम आवस्यक रहेको । | | |
| ३.१.८ | १ | महिला हक हित र अधिकार सम्बन्धी बेइजिङ्ग घोषणापत्रले समेटेका बाह्रवटा प्रतिबद्दताका सम्बन्धमा स्थानीय तहका पदाधिकारी/ कर्मचारीलाई जानकारी भए/नभएको र सोको अभिमुखीकरण गरे/ नगरेको | | | |
| ३.२.१ | १. | महिला विरुद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमका लागि बजेट विनियोजन गरेको छ । | | | |
| ३.२.२ | ०.५ | लैङ्गिक हिँसा मुक्त गाऊ/नगरपालिका घोषणा गरे/नगरेको र महिला हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति लिए/नलिएको । | लैङ्गिक हिँसा मुक्त महानगरपालिका घोषणा गर्नका लागि र महिला हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति बनाई सोको लागि योजना निर्माण र बजेट विनियोजन गरी कार्यान्वयन गरिनुपर्छ । | हिंशा रोकथामका लागि CPSW परियोजना संचालनमा रहेको | |
| ३.२.३ | १. | स्थानीय तहले महिला विरुद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमहरू संचालन गरेको छ । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.२.४ | १. | स्थानीय तहले समाजमा रहेका विभिन्न सामाजिक कुरीति (जातिगत छुवाछुत, छाउपडी, बाल विवाह, बहु विवाह, दाइजो, आदि) हटाउन कार्यक्रमहरू संचालन गरेको छ। | वडा स्तरबाटै प्रयास सहित कार्यक्रम संचालन गरिनु पर्ने | | |
| ३.३.१ | १ | स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका जनप्रतिनिधि र कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, विषयगत कानुनहरू, स्थानीय तहले जारी गरेका कानुनहरू र अन्य प्रचलित महत्वपूर्ण कानुनहरूको सम्बन्धमा अभिमुखीकरण गरेको छ। | | | |
| ३.३.२ | ०.५ | स्थानीय तहका कार्यपालिका सदस्य,सभाका सदस्य र प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखलाई कानूनको मस्यौदा तर्जुमा सम्वन्धी प्रक्रिया र समस्या समाधान लगायतका बिषयवस्तु उपर अभिमुखीकरण गरे /नगरेको | स्थानीय तहका कार्यपालिका सदस्य, सभाका सदस्य र प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखलाई कानुनको मस्यौदा तर्जुमा सम्वन्धी प्रक्रिया र समस्या समाधान लगायतका बिषयवस्तु उपर अभिमुखीकरण गर्नु पर्ने । | अभिमुखीकरणको आवस्यकता पहिचान भएको | |
| ३.३.३ | १ | स्थानीय तहका प्रत्येक वडामा महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम (कानूनी हक अधिकार, एकल महिला, मानव बेचविखन, छाउपडी प्रथा, यौनहिँसा, आदि) संचालन भए/नभएको । | स्थानीय तहका प्रत्येक वडामा महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम (कानुनी हक अधिकार, एकल महिला, मानव बेचविखन, छाउपडी प्रथा, यौनहिँसा, आदि) संचालन गर्नुपर्छ । | वडास्तरमा थप प्रयास गरिएको | |
| ३.३.४ | ०.५ | स्थानीय तहमा महिलाको लागि संचालित कानूनी सचेतना सम्वन्धी अनुशिक्षण कार्यक्रम (कानूनी हक अधिकार, एकल महिला, मानव बेचविखन, छाउपडी प्रथा, यौनहिँसा, आदि) बाट उनीहरु लाभान्वित भए/नभएको । | स्थानीय तहमा महिलाको लागि संचालित कानुनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम (कानुनी हक अधिकार, एकल महिला, मानव बेचविखन, यौनहिँसा, आदि) बाट उनीहरुलाई लाभान्वित गराईनु पर्छ । | सम्बन्धित केही कार्यक्रम पहिचान भै संचालन गरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.४.१ | १ | स्थानीय तहले विपद व्यवस्थापन सम्वन्धी मापदण्ड, रणनीति, कार्यनीति लगायत कार्यविधि तयारी गर्दा महिला तथा लक्षित वर्ग वा समुदायसँग परामर्श गरे/ नगरेको र यस्ता दस्तावेजमा उक्त वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान राखे/नराखेको । | | | |
| ३.४.२ | १ | स्थानीतहमा विपद सम्वन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा व्यवस्थापन गर्दा प्रभावित महिला तथा लक्षित वर्ग वा समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरण गरे /नगरेको । | स्थानीयत हमा विपद सम्बन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा व्यवस्थापन गर्दा प्रभावित महिला तथा लक्षित वर्ग वा समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरण गर्नुपर्ने । | | |
| ३.४.३ | ०.५ | समुदायमा आधारित विपद व्यवस्थापन सम्बन्धी कार्य संचालन गर्दा प्रभावित महिला तथा लक्षित वर्ग वा समुदायलाई सहभागी गराई उनीहरूलाई पहिलो प्राथमिकतामा राखेको छ / छैन | १. महानगरपालिकाको खण्डिकृत स्थिति प्रतिवेदन तयार गर्नु पर्ने । महिलाको स्थिति पत्र निर्माणले सम्बोधन हुने ।<br>२. कार्ययोजना र कार्यविधि तयार गरि अघि बढ्नु पर्ने । | विपद व्यवस्थापन शाखा | |
| ३.४.४ | १. | विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा लक्षित वर्ग वा समुदायको सहभागितामा निर्णय हुने गरेको छ । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **मूल विषयः सेवा प्रवाह** | | | |
| ४.१.१ | ०.५ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रइङ, डिजायन, लागत अनुमान तयार गर्दाका बखत संरचना निर्माण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्बाध प्रयोग गर्न सकिने गरी लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका र अपाङ्गता मैत्री / संबेदनशील संरचनाको प्रावधान सहित हुने गरे /नगरेको । | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रइङ, डिजायन, लागत अनुमान तयार गर्दाका बखत संरचना निर्माण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्वाध प्रयोग गर्न सकिने गरी लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका र अपाङ्गता मैत्री / संवेदनशील संरचनाको प्रावधान सहित हुनु पर्ने। | अपाङ्गता मैत्री महानगरको अवधारणामा काम हुने गरेको | |
| ४.१.२ | ०.५ | स्थानीय तहका भवन, भौतिक पुर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्वन्धी भवन र अन्य संरचनाहरू निर्माण गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरे/नगरेको | स्थानीय तहका भवन, भौतिक पुर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्बन्धी भवन र अन्य संरचनाहरू निर्माण गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरिनु पर्ने। | लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गतामैत्री तथा बालमैत्री दृष्टिकोण अपनाईएको | |
| ४.१.३ | ०.५ | स्थानीय तहले १५०० वर्गफिटभन्दा बढी प्लीन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना निर्माण गर्ने प्रावधान सहित स्विकृति दिने गरेको तथा सो बमोजिम निर्माण कार्य हुने गरे/ नगरेको । | थप स्थलगत अध्ययन गर्नु पर्ने, प्रतिवेदन तयार गर्नु पर्ने | | |
| ४.१.४ | ०.५ | स्थानीय तहले महिला लगायत लक्षित समुदायलाई लक्ष्य गरी परंपरागत तथा आधुनिक उर्जा (जलविद्युत लगायत विभिन्न बैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो, आदि) को प्रयोग गर्न प्रोत्साहन गरे/नगरेको । | आधुनिक उर्जाको प्रयोग केही मात्रामा भएको | सुधारिएको चुल्हा /विद्दुतीय चुल्हा प्रयोगमा प्रोत्साहन गर्न सकिने | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.२.१ | १ | प्रजनन् स्वास्थ्य सम्बन्धी वार्षिक नीति र कार्यक्रममा गर्भवती महिलालाई जोखिमयुक्त तथा खतरायुक्त काममा नलगाउने व्यवस्था गरी सोको कार्यन्वयन गरे /नगरेको । | | | |
| ४.२.२ | १ | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा कर्मचारी लगायत सेवाग्राहीलाइ लक्षित गरी अलग्गै स्तनपानकक्षको व्यवस्था गरे नगरेको र सो को कार्यन्वयन भए/नभएको । | | | |
| ४.२.३ | १ | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा, जनस्वास्थ लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू (सुत्केरी हुँदाको स्वास्थ्य अवस्था सुधार गर्न, किशोरीहरूको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने लगायतका विषयहरु) संचालन गरेको छ । | | | |
| ४.२.४ | १ | महिला, आर्थिक रूपले विपन्न घर परिवार लगायत लक्षित समूहको स्वास्थ्य बिमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट व्यवस्था गरे/नगरेको तथा सोको कार्यान्वयन गरे/नगरेको । | | | |
| ४.३.१ | १ | स्थानीय तहले आफ्नो क्षेत्र भित्रका विद्यालय जाने उमेर समुहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाएको र सो उमेर समुहका सबै बालबालिकाहरु विद्यालय भर्ना भएका छन् । | | | |
| ४.३.२ | १ | स्थानीय तहले आफ्नो क्षेत्र भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिका तथा लक्षित समुदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्यपुस्तक, शैक्षिक सामाग्री तथा पोसाक र छात्रबृत्तिको व्यवस्था गरी निष्पक्ष वितरण हुने प्रबन्ध मिलाएको छ। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.३.३ | ०.५ | निरक्षर महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू संचालन गर्ने नीति तथा वजेट र कार्यक्रमको व्यवस्था गरी सो अनुरूप कार्यक्रमहरु (जस्तैः अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षा, आदि ) भए / नभएको । | | मोरंग जिल्ला साक्षर घोषणा भएको | |
| ४.३.४ | ०.५ | विद्यालयमा छात्र र छात्रा तथा यौनिक अल्पसंख्यकका लागि छुट्टा छुट्टै शौचालय, पानीको व्यवस्था, किशोरी छात्राको लागि सेनेटरि प्याड, साबुन लगायत आवश्यक सामाग्रीको व्यवस्थाको साथै यौन शिक्षा तथा सहजीकरण कार्यक्रम संचालन हुने गरे/ नगरेको । | विद्यालयमा छात्र र छात्रा तथा यौनिक अल्पसंख्यकका लागि छुट्टा छुट्टै शौचालय, पानीको व्यवस्था, किशोरी छात्राको लागि सेनेटरी प्याड, साबुन लगायत आवश्यक सामाग्रीको व्यवस्थाको साथै यौन शिक्षा तथा सहजीकरण कार्यक्रम पूर्ण रुपमा संचालन हुने बाँकी रहेको । | | |
| ४.४.१ | १ | स्थानीयतहका कार्यालय तथा सार्वजनिक स्थलहरूमा सफा पिउने पानी, हात धुने व्यवस्था, महिला, पुरुष तथा यौनिक अल्पसंख्यकको लागि अलग्गै शौचालयको व्यवस्था र साबुन तथा स्यानिटाइजर, आदिको प्रबन्ध गरे /नगरेको । | | | |
| ४.४.२ | १ | स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा वडा वडामा खुला दिसामुक्त पालिका, घरघरमा शौचालय, पिउने पानी, पोखरी टोल सफाइ अभियान जस्ता कार्यक्रम सञ्चालन हुने गरेको छ। | | | |
| ४.४.३ | ०.५ | स्थानीय तहका टोलटोलमा कुहिने र नकुहिने घरायसी फोहोर छुट्याउने व्यवस्था, फोहोर संकलन तथा विसर्जन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसाबारी, कौसीखेती तथा गमला र फुलबारी जस्ता कार्यक्रममा महिला र पुरूषको समान सहभागिता अभिवृद्धि गर्न जनचेतना लगायत कार्यक्रम सञ्चालन हुने गरे /नगरेको । | स्थानीय तहका सबै टोलमा कुहिने र नकुहिने घरायसी फोहोर छुट्याउने व्यवस्था, फोहोर संकलन तथा विसर्जन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसाबारी, कौसीखेती तथा गमला र फूलबारी जस्ता कार्यक्रममा महिला र पुरूषको समान सहभागिता अभिवृद्धि गर्न जनचेतना लगायत कार्यक्रम सञ्चालन गर्नु पर्ने। | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.४.४ | १ | स्थानीय तहका गाउँ, टोल, वस्तीहरूमा सफापानीको सहज व्यवस्थाका लागि आकासेपानी संकलन र भण्डारण, परंपरागत इनार र कुवाको पुनर्जीविकरण र रिचार्जिङ जस्ता कार्यक्रम स्वीकृत भई ती कार्यक्रम सञ्चालन गर्दा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा हुने गरेको छ । | | महानगरपालिकासंग प्रत्यक्ष सम्बन्धित नभएको, पिउने पानीको आधुनिक आयोजना संचालनमा रहेका । | |
| ४.५.१ | ०.५ | स्थानीय तहको आवधिक योजना, बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा बेरोजगारी र गरीबी नक्साङ्कन समेतको आधार लिई महिला तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरेको छ। | थप अभिमुखीकरण एवं गरिवी नक्साङ्कन समेतको भएको । | स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू समावेश भएको । | |
| ४.५.२ | १ | स्थानीय तहले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समूहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयन गरेको छ । | | | |
| ४.५.३ | ० | महिला प्राविधिकहरू (पशु सेवा, कृषि, खाध प्रविधी, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषय सम्बन्धी प्राविधिक)र सामाजिक परिचालक तयार गर्ने नीति लिई सो अनुरूप कार्यक्रम संचालन गरे /नगरेको । | आवश्यकता अनुसार महिला प्राविधिकहरू (पशु सेवा, कृषि, खाध प्रविधि, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषय सम्बन्धी प्राविधिक)र सामाजिक परिचालक तयार गर्ने नीति लिई सो अनुरूप कार्यक्रम संचालन गर्नु पर्ने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.५.४ | ०.५ | गरीब तथा लक्षित समूहको पहुँच र क्रयशक्ति अनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापन गर्ने स्थानीय तहको नीति रहे/नहरेको र सो अनुरूप कार्यक्रम कार्यान्वयन भए /नभएको । | १. गरीब तथा लक्षित समूहको पहुँच र क्रयशक्ति अनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापन गर्ने स्थानीय तहको नीति बनाइ र सो अनुरूप कार्यक्रम कार्यान्वयन गर्नुपर्ने ।प्रभावकारी हुन नसकेका उपलब्ध सेवालाई आवश्यकता अनुसार थप निती तथा कानुन बनाइ कार्यान्वयन गर्नु पर्ने। | श्रोत साधनको समुचित प्रयोग गरी अवश्यकता अनुसार थप नीति तथा कानुन बनाइ कार्यान्वयन गर्न सकिने । | शिर्षकगत पर्याप्त बजेट र जनशक्ति व्यवस्थापन नहुन सक्छ। |
| | | **मूल विषयः सुशाशन तथा उत्तरदायित्व** | | | |
| ५.१.१ | १ | स्थानीय तहले सेवा प्रवाह, विकास निर्माण र सुशासन प्रवर्धनका विषयमा नीति, कानुन जारी गरी सोही बमोजिम तोकिएका पदाधिकारी/ समिति/ कार्यदलबाट निर्णय गरी कार्य गर्ने गरेको छ। | | | |
| ५.१.२ | १ | स्थानीय तहले विधिको शासन प्रबर्धन, जनसहभागिता अभिवृद्धि, भ्रष्टाचार विरूद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा लक्षित समूहलाई अग्राधिकार दिने नीति लिई सो बमोजिम कार्यान्वयन गरेको छ। | | | |
| ५.१.३ | १ | महिला अधिकार तथा समानताका लागि भएका बेइजिङ्ग घोषणा पत्रका बाह्रवटा प्रतिबद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको/नगरेको । | | | |
| ५.१.४ | १ | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ मा उल्लेख भए अनुरुपका प्रतिबद्धता कार्यान्वयन गर्न रकम विनियोजन गरी कार्यक्रम संचालन गरेको छ । | | | |
| | १ | **१८. जम्मा** | | | |
| ५.२.१ | १ | स्थानीय तहले नियमितरुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरेको छ । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.२.२ | १ | स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समूहका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरेको छ । | | | |
| ५.२.३ | १ | स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुदायको तर्फबाट स्थानीय तहले लिएको नीति तथा कार्यक्रम र सो को कार्यान्वयका विषयमा प्रश्न उठ्ने गरे /नगरेको र अभिलेख राखी उठेका प्रश्नउपर स्थानीय तहबाट सम्बोधन हुने गरे /नगरेको । | | | |
| ५.२.४ | १ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । | | | |
| ५.३.१ | १ | स्थानीय तहले नियमितरुपमा समग्र वार्षिक योजना तथा कार्यक्रम सार्वजनिक गर्ने गरे /नगरेको र महिला, लगायत अन्य सबै लक्षित समुहका लागि राखिएका कार्यक्रम तथा सोको बजेट सरोकारवालाले थाहा पाउनेगरी सार्वजनिक गरेको छ। | | | |
| ५.३.२ | ०.५ | स्थानीय तहले स्थानीय सूचना सबैले बुझ्ने गरी स्थानीय भाषामा प्रवाह तथा प्रशारण गरेको । | सुचनाको पहुँचमा बहुभाषिक नीति आवश्यक | सांकेतिक भाषा सहयोगीकोव्यवस्था रहेको | |
| ५.३.३ | ०.५ | स्थानीय तहले स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रब्यदृश्य समेतका सबै माध्यमद्वारा लैंगिक समानता तथा समावेशीकरण सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गरेको छ । | सूचना र संचारमा वडास्तर देखि नै थप संयन्त्र निर्माण गर्नु पर्ने | सामाजिक संजाल लगायत माध्यमको प्रयोग गरिएको | |
| ५.३.४ | ०.५ | स्थानीय तहमा महिला लगायत सबै लक्षित समुहमा सूचना, शिक्षा तथा संचारसम्बन्धी कार्यक्रमको प्रवाहबाट जनचेतना वृद्धि भएको/नभएको | स्थानीय तहमा महिला लगायत सबै लक्षित समूहमा सूचना, शिक्षा तथा संचारसम्बन्धी कार्यक्रमको प्रवाहबाट जनचेतना औसत अभिवृद्धि भएको छ, थप कार्य गर्नुपर्ने, अभिलेख राखु पर्ने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.४.१ | ०.५ | स्थानीय तहबाट संचालित कार्यक्रम तथा परियोजनाबाट सबै लक्षित वर्ग तथा समुदायले लाभ लिन सक्ने वातावरण बनेको । | पर्याप्त अनुगमन एवं अभिलेखीकरण आवश्यक रहेको । | अनुगमन र मूल्यांकनको व्यवस्था हुने गरेको | |
| ५.४.२ | ०.५ | स्थानीय तहले संचालन गरेका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गरे/नगरेको । | स्थानीय तहले संचालन गरेका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गरी अभिलेख राख्नु पर्ने। | | |
| ५.४.३ | १ | स्थानीय तहको समीक्षा बैठकमा महिला लगायत सबै लक्षित वर्ग तथा समुदायको उपस्थितिमा उक्त वर्गसंग सम्वन्धित लक्षित कार्यक्रम उपर छलफल हुने गरे/नगरेको । | | लक्षित वर्गलाई विकासको मुलधारमा ल्याइ समान विकास गर्न सकिने छ । | |
| ५.४.४ | १ | अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई सम्बोधन गरी योजना तथा कार्यक्रम तयार गरे/नगरेको । | अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई सम्बोधन गरी योजना तथा कार्यक्रम तयार गर्ने। | सेवा प्रवाहमा सबैको समान पहुँच स्थापित हुन सक्ने छ । | |
| ५.५.१ | १ | स्थानीय तहले संघ र प्रदेश सरकारले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गरेको छ । | | यी कार्यक्रम मार्फत बालबालिकाको समान सहभागिता स्थापित हुनसक्ने अवसरहरु प्राप्त भएका छन् । | |
| ५.५.२ | ०.५ | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच सञ्जाल निर्माण भई कार्यगत छलफल हुने गरेको छ। | सञ्जाल निर्माण र संचालनलाई प्राथमिकतामा राख्नु पर्ने | विभिन्न सरोकारवाला निकायहरूबीच सहकार्यको आवश्यकता पहिचान भएको | |
| ५.५.३ | ०,५ | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्बन्धी क्षमता विकासको अवस्था । | लैङ्गिक तथा समावेशी विकास सम्बन्धी क्षमता विकासको अवस्था गर्न आवश्यक | यी कार्यक्रम मार्फत लक्षित वर्गहरु विकासको मुलधारमा आउन सक्ने अवसर छ। | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.५.४ | ०.५ | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदबाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यान्वयन गरे /नगरेको । | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदबाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यान्वयन गर्नु पर्ने । | जनप्रतिनिधीहरुको लैससास मैत्री सकारात्मक सोच हुनु । | |

तालिका न ८

विराटनगर महानगरपालिका

आर्थिक वर्ष २०८१ /०८२

## १२ लैससास विकास कार्ययोजना

| मूल शिर्षक | | | अवस्था सुधारका लागि | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व पर्ने /नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | प्रासाङ्क | सूचक नं. | आवश्यक क्रियाकलाप | पहल कर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| | | | | | | | | | |
| **नीति, कानून र योजना** | ०.५ | १.१.२ | नीति, कानुन र योजना जारी गर्नु पुर्व लैससासको दृष्टिले लेखाजोखा र विश्लेषण गरी सुनिस्चित गर्ने । | प्र.प्र.अ. तथा लैससास शाखा | कार्यपालिका नगरसभा विधायन समिति | महानगरपालिकाका सम्बन्धित शाखाहरु | नियमित | | नपर्ने |
| | ०.५ | १.१.४ | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीतिहरु छन् / छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गर्ने | प्र.प्र.अ. तथा लैससास शाखा, कानून शाखा | कार्यपालिका नगरसभा विधायन समिति | महानगरपालिकाका सम्बन्धित शाखाहरु | आ व २०८२-८३ | | नपर्ने |
| | ०.५ | १.१.७ | स्थानीय नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान राखे | कानून शाखा | कार्यपालिका नगरसभा | प्र.प्र.अ. तथा समबन्धित शाखाहरु | आ व २०८२-८३ | | नपर्ने |
| | ०.५ | १.२.१ | आवधिक योजना र वार्षिक विकास कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सो को मापन योग्य लक्ष्य समावेश गर्ने । | योजना र विषयगत शाखाहरु | कार्यपालिका नगरसभा | प्र.प्र.अ. तथा समबन्धित शाखाहरु | आ व २०८२-८३ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ०.५ | १.२.२ | माहानगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरे / नगरेको | योजना र विषयगत शाखाहरु | कार्यपालिका नगरसभा | प्र.प्र.अ. तथा समबन्धित शाखाहरु | आ व २०८२-८३ | | नपर्ने |
| | ०.५ | १.२.४ | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल हुने गरे/नगरेको | योजना र विषयगत शाखाहरु | कार्यपालिका नगरसभा | प्र.प्र.अ. तथा समबन्धित शाखाहरु | आ व २०८२-८३ | पर्ने | |
| | ०.५ | १.२.५ | योजना तर्जुमा गर्दा महिला पुरुष लक्षित समुहको छुट्टा-छुट्टै अवस्था विश्लेषण गरी आवश्यकता अनुसार कार्यक्रम गर्ने । | योजना, लैससास लगायतका शाखा-महाशाखा र वडा कार्यलय | कार्यपालिका नगरसभा | प्र.प्र.अ. तथा सम्बन्धित शाखाहरु | आ व २०८२-८३ | पर्ने | |
| | ०.५ | १.३.३ | परीक्षण पश्चात लैससास विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गरी कार्यान्वयन गर्ने । | प्र.प्र.अ. विषयगत शाखा, महाशाखा तथा समितिहरु | कार्यपालिका नगरसभा | प्र.प्र.अ. तथा सम्बन्धित शाखा-महाशाखा हरु | आ व २०८२-८३ | पर्ने | |
| | ०.५ | १.३.४ | स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्ययोजना अनुरूप कार्यक्रम संचालन गर्ने गरिए /नगरिएको | प्र.प्र.अ. विषयगत शाखा, महाशाखा तथा समितिहरु | कार्यपालिका नगरसभा | प्र.प्र.अ. तथा सम्बन्धित शाखा-महाशाखा हरु | आ व २०८२-८३ | पर्ने | |
| | ०.५ | २.१.१ | स्थानीय तहको निर्णायक तहमा महिलाहरुको समान प्रतिनिधित्व गराउने प्रावधान बनाउने । | प्र.प्र.अ. | कार्यपालिका / नगरसभा | प्र.प्र.अ. तथा सम्बन्धित शाखा-महाशाखा हरु | आ व २०८२-८३ | | नपर्ने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ०.५ | २.१.३ | स्थानीय तहले महिला लगायत विशेष जातजाति तथा समुदायलाई सेवा प्रदान गर्दा सम्वन्धीत लक्षित वर्ग वा समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको साथै महिला संवेदनशील कर्मचारी वा जनप्रतिनिधि समेत समावेश भएको कार्यटोली वा शाखा मार्फत सेवा दिने गरे/नगरेको | प्र.प्र.अ. | कार्यपालिका / नगरसभा | प्र.प्र.अ. तथा सम्बन्धित शाखा-महाशाखा हरु | आ व २०८२-८३ | | नपर्ने |
| **संस्थागत व्यवस्था** | १ | २.१.४ | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासको पर्याप्त अवसर प्रदान गर्दा, महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी थप सकारात्मक विभेदको नीति लिने । | लैससास फोकल पर्सन | सामाजिक विकास शाखा | महिला बालवालिका शाखा/ योजना शाखा | आ व २०८२-८३ | | नपर्ने |
| | ०.५ | २.२.४ | वस्ती वडा स्तरमा योजना सम्बन्धी विषयमा समावेशी छलफल तथा अनुगमन कार्यक्रम संचालन गर्नु पर्ने । | प्र.प्र.अ. विषयगत शाखा-महाशाखा तथा समितिहर | कार्यपालिका नगरसभा | प्र.प्र.अ. तथा विषयगत शाखाहरु | आ व २०८२-८३ | पर्ने | |
| | ०.५ | २.५.१ | स्थानीय तहले खण्डिकृत तथ्यांक सहितको वस्तुगत विवरण संकलन तथा अध्यावधिक गर्ने । | प्र.प्र.अ. विषयगत शाखा-महाशाखा,तथा समितिहरु | कार्यपालिका नगरसभा | प्र.प्र.अ. तथा सम्बन्धित शाखाहरु | आ व २०८२-८३ | पर्ने | |
| | ०.५ | २.५.२ | स्थानीय तहले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याँक संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने । | रोजगार शाखा | कार्यपालिका नगरसभा | प्र.प्र.अ. तथा सम्बन्धित शाखाहरु | आ व २०८२-८३ | पर्ने | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ०.५ | २.५.३ | महानगरपालिकाको पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानी स्थानीय विकास योजना तर्जुमा गर्ने । | प्र.प्र.अ. विषयगत शाखा-महाशाखा,तथा समितिहरु | कार्यपालिका नगरसभा | प्र.प्र.अ. तथा सम्बन्धित शाखाहरु | आ व २०८२-८३ | पर्ने | |
| मानव संसाधन तथा क्षमता विकास २० | ०.५ | ३.१.१ | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी रकम खर्च गर्ने कार्यविधि निर्माण गर्ने । | प्र.प्र.अ. विषयगत शाखा तथा समितिहरु | कार्यपालिका नगरसभा | प्र.प्र.अ. तथा सम्बन्धित शाखाहरु | आ व २०८२-८३ | पर्ने | |
| | १ | ३.१.६ | स्थानीय तहमा मानव संसाधन विकास केन्द्र/ शाखा/इकाइको व्यवस्था भए/नभएको र ति निकायमा जनशक्ति व्यवस्था गरे/नगरेको | प्र.प्र.अ. विषयगत शाखा तथा समितिहरु | कार्यपालिका नगरसभा | प्र.प्र.अ. तथा सम्बन्धित शाखाहरु | आ व २०८२-८३ | नपर्ने | |
| | ०.५ | ३.२.२ | लैंगिक हिंसा मुक्त महानगरपालिका घोषणाका लागि नीति तथा कार्यविधि बनाई लागु गर्ने । | लैससास फोकल पर्सन | कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत | विधायन समिति /सामाजिक विकास शाखा | आ व २०८२-८३ | पर्ने, विय विज्ञको सहयोग लिने | |
| | ०.५ | ३.२.३ | लैंगिक हिंसा मुक्त महानगरपालिका घोषणाका लागि विभिन्न सरोकारवालाहरुसंग समन्वय गर्ने । | लैससास फोकल पर्सन | कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत | विधायन समिति /सामाजिक विकास शाखा | आ व २०८२-८३ | पर्ने, विय विज्ञको सहयोग लिने | |
| | १ | ३.३.२ | स्थानीय तहका कार्यपालिकाका पदाधिकारीहरुलाई सबै महाशाखाका प्रमूखहरुलाई कानूनको मस्यौदा तर्जुमा सम्बन्धी पुनर्ताजगी अभिमुखिकरण गर्ने । | न्यायीक समिति/कानुन शाखा | प्रमुख प्रशासकीय अधिकृत | कानून शाखा | आ व २०८२-८३ | पर्ने | |
| | ०.५ | ३.३.३ | महानगरपालिकाका १९ वटै वडाहरुमा थप कानुनी सचेतना कार्यक्रम संचालन नियमित गर्ने । | न्यायीक समिति/कानुन शाखा | प्रमुख प्रशासकीय अधिकृत | कानून शाखा | आ व २०८२-८३ | पर्ने | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ०.५ | ४.१.१ | महिला/बालबालिका/अपाङ्गता मैत्री संरचना निर्माण गर्दा भवन निर्माण आचारसंहिता अनुरुप ड्रइङ्ग, डिजाइन र लागत अनुमान तयार गरी कार्यान्वयन गर्ने । | प्राविधिक शाखा | कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत | प्र.प्र.अ./योजना शाखा | आ व २०८२-८३ | पर्ने | |
| | ०.५ | ४.१.२ | अबका सबै सार्वजनिक पूर्वाधार बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक मैत्री हुनेगरी निर्माण गर्ने । | प्राविधिक/योना शाखा | कार्यपालिका,प्रमुख प्रशासकिय अधिकृत | प्र.प्र.अ./योजना शाखा | आ व २०८२-८३ | | नपर्ने |
| **सेवा प्रवाह** | ०.५ | ४.१.४ | महिला लगायत लक्षित समुदायलाई लक्ष्य गरी परंपरागत तथा आधुनिक उर्जा (जलविद्युत लगायत विभिन्न बैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो, आदि) को प्रयोग गर्न प्रोत्साहन गर्ने | वातावरण शाखा | कार्यपालिका,प्रमुख प्रशासकिय अधिकृत | प्र.प्र.अ./योजना शाखा | आ व २०८२-८३ | पर्ने | |
| | ०.५ | ४.४.३ | करेसाबारी तथा कौशी खेतिको तालिम संचालन गर्ने ।घरबाट निस्कने फोहोरको यथोचित व्यवस्थापन गर्ने । | वातावरण पुर्वाधार शाखा/सामजिक विकास शाखा | कार्यपालिका नगरसभा | कृषि, वातावरण, पुर्वाधार शाखा/सामजिका विकास शाखा | आ व २०८२-८३ | पर्ने | |
| | | ४.५.३ | थप महिला प्राविधिकहरु तथा सामाजिक परिचालकहरु तयार गर्नका लागि वजेट विनियोजन गर्ने /स्थानीय आवस्यकता पहिचान | पशु, कृषि , स्वास्थ्य, खाद्य प्रविधि लगायत सम्बन्धित शाखाहरु | कार्यपालिका | प्र.प्र.अ. विषयगत शाखा तथा समितिहरु | आ व २०८२-८३ | | नपर्ने |
| | ०.५ | ५.४.२ | कार्यक्रमको प्रभावकारिता अनुगमन तथा मुल्यांकन गरी अध्ययन प्रतिवेदन तयार गर्ने ।कार्यक्रम कार्यन्वयन लाभ, असर र प्रभाव विश्लेषण भएको प्रतिवेदन तयार गर्ने । | सम्बन्धित शाखा | नगरसभा/कार्यपालिका | प्र.प्र.अ./ सम्बन्धी शाखाहरु | आ व २०८२-८३ | पर्ने | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| **सुशासन तथा उत्तरदायित्व** | ०.५ | ५.५.४ | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना र मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यान्वयन गरे /नगरेको | सामाजिक विकास शाखा/महिला तथा बालवालिका शाखा | कार्यपालिका प्रमुख प्रशासकिय अधिकृत | प्र.प्र.अ./ सम्बन्धित शाखाहरु | आ व २०८२-८३ | | पर्ने |

### १३. लै स सा स परीक्षणको क्रममा आएका महत्वपूर्ण विचार एवं सरोकारहरु

आ व २०८१/०८२ लैससास परीक्षण प्रक्रियामा विज्ञ सहजकर्ताको उपस्थितिमा महिला बाल बालिका तथा समजकल्याण शाखासँगको छलफल, प्रमूख श्री नागेश कोइरालाज्यूको अध्यक्षतामा विभिन्न विषयगत समिति / महाशाखा र वडाहरुलाई समेटेर गठित लैससास कार्यान्वयन समितिको बैठक, स्वतन्त्र विज्ञ सहजकर्ताद्वारा सहजीकरणमा सम्पन्न लैससास परीक्षण तयारी बैठक एवं लैससास परीक्षण कार्यशालाहरु सम्पन्न भए । लैससास परीक्षणको नतिजामा महानगर प्रमुखज्यूले लैससास परीक्षण कार्यशालामा उठेका सवालहरुलाई सम्बोधन गर्दै महानगरलाई कसरी उत्कृष्ट बनाउन सकिन्छ त्यसका लागि सबैले पहल र प्रयास गर्नु पर्ने बताउनु भयो ।

त्यसैगरि, लैससास परीक्षणको सम्पूर्ण पक्रियामा आफ्नो सहभागिता र सरोकार सहित लैससास परीक्षणका प्रत्येक सूचकमा महानगर उपप्रमुख श्री शिल्पा निराला कार्कीज्यूको चासो रहेको थियो । उहाँको बुझाईमा लैससास परीक्षण कार्यशालामा निकै गहन छलफल भयो ।लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा महानगरको विगत र वर्तमानको अवस्थाको तुलना समेत गर्दै अवस्थामाको मुल्यांकन भएको र प्रमाणहरु जुटाउने प्रयास भएको बताउनु भयो । यद्दपि लैससास सम्बन्धी कार्यक्रमहरुको निरन्तर अनुगमन र मुल्यांकन गर्दै सम्पन्न गरिएका सबै कार्यक्रमहरुको प्रमाणहरु सुरक्षित राख्नु पर्ने रहेछ।यसका लागि अन्तर महाशाखा समन्वय अझै व्यवस्थित र प्रभावकारी बनाउनु पर्ने समेत देखिएको छ | आगामी दिनमा थप लैससास अनुरुप कामहरु गर्दै जाने विचार सहित उहाँले यो कार्यक्रममा सहयोग गर्नुहुने स्वतन्त्र विज्ञज्यू, महिला बाल बालिका शाखा सहित सबैलाई धन्यवाद समेत दिनु भयो ।

लैससास परीक्षणको क्रममा महानगरपालिकाले कसरी काम गरिरहेको रहेछ र हामी कुन अवस्थामा रहेछौ भन्ने कुराको पूर्ण ज्ञान हुने भएकाले स्वतन्त्र विज्ञको विश्लेषणले औंल्याएका कमी-कमजोरी हरुलाई क्रमश सुधार गर्दै लाने अवसर प्राप्त हुने सबै सहभागी सरोकारवालाहरुको बुझाई रहेको थियो ।

लै स सा स परीक्षणको नतिजालाई हेर्दा विगतका वर्षहरुको तुलनामा आ व २०८१/८२ लैससासको क्षेत्रमा विराटनगर महानगरपालिकाको थप प्रगति देखिएकोमा सहभागी सरोकारवालाहरुबाट खुसी समेत व्यक्त गरिएको थियो । यद्दपि, लैससासको क्षेत्रमा सर्वोत्तम अङ्क प्राप्त गर्न महानगरपालिकाले सोही अनुरुप काम गर्नका लागि जोड दिनुपर्छ र सबै यसमा लागिपरेर योजना तथा बजेट निर्माण गरी कार्यान्वयन गर्नुपर्छ भन्ने बुझाई आएको थियो । लै स सा स परीक्षणमा अर्थपूर्ण रुपमा सहभागितामूलक हुँदा, लै स सा स को दृष्टिले सबैलाई विराटनगर महानगरपालिकाको समग्र अवस्थाको ज्ञान भएको र स्वतन्त्र विज्ञको विश्लेषणले औंल्याएका कमीकमजोरी हरुलाई क्रमश सुधार गर्दै लाने अवसर समेत मिलेको छ ।

१४. **विराटनगर महानगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका अधारमा निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।**

- विराटनगर महानगरपालिकाले लैससास परीक्षणमा गणना गरिने केही सुचकको स्थानीयकरण गर्नु पर्ने छ ।
- महानगरपालिकाले लैससासको क्षेत्रमा गरेको कामहरुको व्यवस्थित अभिलेखिकरणमा विशेष जोड दिनु ।
- महानगरपालिकाले लैससास सम्बन्धी खण्डीकृत तथ्यांक निर्माण गरि राखिनु पर्ने ।
- महानगरपालिकाले लैससास विकास सम्बन्धी अन्तर-शाखा बुझाई अभिवृद्धि गर्नुपर्ने ।
- महानगरपालिकमा सबल लैससास परिणामका लागि सरोकारवाला पहिचानमार्फत अवस्था विश्लेषण र सम्भाव्यता अध्ययनमा थप जोड दिनु पर्ने ।
- महानगरपालिकाले लैससास मूलप्रवाहीकरणका लागि नीति, निर्देशिका र कार्यविधिहरु पूर्णता प्रदान गर्दै कार्यन्वयन गर्नु पर्ने ।
- महानगरपालिकाले निर्माण भएका नीति निर्देशिकाहरुमा लैससास सम्बन्धी भएका (सबै शाखा एवं महाशाखा अन्तर्गत ) व्यवस्थाहरुको कार्यान्वयन गरिनुपर्ने ।
- महानगरपालिकामा निर्माण भएका ऐन, कानून, कार्यविधि, निर्देशिकाहरुलाई पूर्ण लैससासमैत्री बनाईनु पर्ने।
- महानगरपालिकामा योजना छनौटका चरणहरुमा महिला तथा लक्षित वर्ग समूदायहरुको अर्थपूर्ण सहभागिता गराइनु गर्ने।साथै उनीहरुका योजनाहरुलाई पहिलो प्राथमिकतामा राखी बजेट छुटयाउनु पर्ने ।

- लैससास परीक्षणबाट देखिएका सुधार गर्नुपर्ने क्षेत्रको आधारमा कार्ययोजना बनाइ कार्यान्वयन गर्नुपर्ने।
- महानगरपालिकाले आगामी वर्षको वार्षिक योजनामा लैससास सम्बन्धी कार्यक्रमहरु राखी बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्ने ।
- महानगरपालिकाले कुनै पनि योजनाको अनुगमन गर्दा लैससासका दृष्टिकोणबाट अनुगमन हुनेगरी प्रतिवेदन फारम तयार गरी प्रयोगमा ल्याउने ।
- महानगरपालिकाले लैससासलाई Cross-cutting Issue हरुमा योजना बनाई कार्यान्वयन गर्दै जानुपर्ने ।
- विराटनगर महानगरपालिकाले दिगो विकासका लक्षलाई स्थानीयकरण गरी कार्यान्वयनका लागि आवश्यक वजेट विनियोजन गर्ने ।
- दिगो विकासका लक्ष ५ अनुसारको लैङ्गिक समानताको प्रबर्द्धन गर्न र सबै उमेर तथा समूहका महिलाहरुको सशक्तिकरणको लागि ठोस नीतिगत र कानुनी प्रावधानहरु अवलम्बन गर्दै थप सुदृढ गर्नु पर्ने ।
- महानगरपालिकाले पूर्ण लैंगिक उत्तरदायी बजेट निर्माण गरी कार्यान्वयन गरिनु पर्ने ।
- महानगरपालिकाले लैससास विकास कार्य योजना वडा तहदेखी नै अनिवार्य रुपमा कार्यान्वयन गरिनु पर्ने |
- महानगरपालिका अन्तर्गत महिलाको स्थिति-पत्र निर्माणले पनि लैससास परिक्षणलाई थप टेवा पुग्ने देखिन्छ |
- महानगरपालिकाले लैससास विकास सम्बन्धी वडा स्तरीय बुझाई अभिवृद्धि गर्नुपर्ने ।
- आवश्यकता अनुसार लैससास विकासका बहुसरोकारहरुलाई चेतना र क्षमता अभिवृद्धि गरिनु पर्ने ।

**नीति र कानूनमा समावेशिता र सहभागिताको क्षेत्रमा** महिला, पुरुष तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीतिहरु, स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा विशेष व्यवस्था गर्नुपर्ने आवस्यकतालाई आ.व. २०८१/०८२मा समेत महसुस गरिएको छ । साथै महानगरपालिकाको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर कुनै प्रकारको विभेद रहे नरहेको अवस्थालाई यकिन गरि थप सम्बोधन गर्नुपर्ने अवस्था रहेको छ ।

**योजना तर्जुमा तथा कार्यान्वयनको सन्दर्भमा** आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्यहरु समावेश, कार्यन्वयन र निरन्तर मुल्यांकन गर्नु आवस्यकता देखिएको छ । त्यसैगरि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउन सके लैङ्गिक समानता र सामाजिक समावेशिताको दृष्टिकोण थप उपलब्धी प्राप्त हुने देखिन्छ ।

**संस्थागत व्यवस्था अन्तर्गत** तथ्याङ्क व्यवस्थापनको क्षेत्रमा विराटनगर महानगर पालिकाले वडा स्तरमा समुदायका आधारभूत खण्डिकृत सूचना एवं तथ्याँक संकलन गरि बेरोजगार तथा गरिब परिवारको पहिचान सहित छुट्टाछुट्टै गरेको नक्साङ्कन गर्नुपर्ने आवस्यकतालाई महसुस गरि कार्य गरेको छ । त्यसैगरि महानगरपालिकाको पार्श्वचित्र अध्यावधिक गर्दै जाने सोच बनाएको छ । अध्यावधिक पार्श्वचित्रमा आधारित भै खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि वडा तहदेखि नै स्थानीय विकास योजना तर्जुमा गर्न सके लैङ्गिक समानता र सामाजिक समावेशिताको पाटोमा महत्वपूर्ण उपलब्धी प्राप्त हुने समेत देखिन्छ ।

**लै स सा स परीक्षणको क्रममा देखिएको केही सुचकहरुको स्थानीयकरण गर्नु पर्ने आवस्यकतालाई समेत आगामी दिनमा सम्बोधन गर्ने महानगरको योजना रहेको छ ।**

आ. व. २०८१-८२ मा भएको केही रकमान्तरको सवालमा, बालबालिका स्थिति पत्रको निर्माणलाई पनि प्राथमिकता दिनुपर्ने साथै बालमैत्री महानगर घोषणा पश्चातको अवस्था विश्लेषण गर्नु , थप सुचकको मापन गरिनु पर्ने आवस्यकता देखिएको छ ।

त्यसैगति, लै स सा सको क्षेत्रमा थप प्रभावकारी कार्य गर्न तय भएका शिर्षकहरुमा निश्चित प्रतिशत बजेट छुट्याउनु पर्ने आवस्यकता लै स सा स परीक्षणको क्रममा देखिएको छ ।

## १५. निष्कर्ष

विराटनगर महानगरपालिकाले आर्थिक वर्ष २०८१/८२ को लैङ्गिक समानता एवं सामाजिक समावेशीकरण (लैससास) परीक्षणमा ७९.५ अंक सहित उत्कृष्ट नतिजा कायम राखेको छ । लैससास परीक्षण दिगदर्शन २०७८ अनुसार,१०० वटा सूचकहरुको तोकिएको आधारमा स्व-मुल्यांकन गर्दा राम्रो अवस्थालाई १ अंक, मध्यम अवस्थालाई ०.५ अंक र अति कमजोर अवस्थालाई ० अंक दिईएको छ ।

२०७८ सालदेखि यता ५ वर्षको नतिजालाई केलाउँदा, विराटनगर महानगरपालिकाको लैससास प्रतिफल क्रमश सुधार हुँदै गएको पाईएको छ ।आ. व. २०७७/०७८ मा प्राप्तांक ५४ थियो भने, आव २०७८ /०७९ मा यस महानगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका गर्दा १०० वटा सूचकहरुमा ७०.५ अंक प्राप्त भएको थियो । त्यसैगरि, आ. व . २०७९ /०८० मा १०० वटा सूचकहरुमा कुल ७४.५ अंक प्राप्त भएको र आ. व. २०८०/०८१ मा सो प्राप्तांक ७८ पुगेकोमा २०८१/०८२ मा प्राप्तांक ७९.५ पुगेको पाइन्छ ।

आ. व. २०८१/८२ को लैससास परीक्षणका लागि कार्यतालिका निर्माण गर्दै मिति २०८२ मङ्सिर महिनाको २८ गते देखि नै कार्य प्रारम्भ गरि लैससास परीक्षणका लागि २०८१ /०९ /१९ र २८ गते भएको २ वटा लैससास परीक्षण कार्यशाला संचालन गरियो ।

लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिमुखिकरण अन्तर्गत पहिलो कार्यशाला पछी ५वटा प्रमूख विषयहरुका २२ वटा उपविषयहरुको प्राप्ताङ्क सहितको माकुरे जालो तथा बार चार्ट प्रस्तुत गरी सुधार गर्नुपर्ने पक्षहरुलाई समेटी कार्ययोजना समेत तयार गरिएको थियो। विराटनगर महानगरपालिकाको नीति तथा कार्यक्रम वार्षिक, योजना तथा विभिन्न क्षेत्रगत कार्यक्रमहरुले लैससासको क्षेत्रलाई कतिसम्म सम्बोधन गरेको छ भनेर अध्ययन गरिएको थियो।महानगरपालिका अन्तरगतका विभिन्न विषयगत शाखाहरुमा कार्यरत प्रमुख कर्मचारीहरु बीच अन्तरक्रिया र छलफल गरिएको थियो।लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ मा उल्लेखित सूचकमा आधारित रहेर लैंगिक परीक्षण गरिएको थियो।महानगरपालिकाबाट आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन गरिएका विभिन्न योजनाहरुमा महिलाको सहभागिता तथा निर्णय प्रक्रियामा उनीहरुको अवस्थाबारे समेत व्यापक अन्तरक्रिया र छलफल गरिएको थियो। सो पश्चात जनप्रतिनिधि र कर्मचारीहरुको संयुक्त सहभागितामा पाँच वटा समूह निर्माण गरी अध्ययन, छलफल तथा अन्तरक्रियाहरु

सफलतापूर्वक सम्पन्न भएको थियो ।उक्त कार्यशालाको पहिलो दिनमा सूचकहरुमा अंकभार प्रदान गरिएको थियो । दोस्रो कार्यशालामा भने विशेषत ० अंक प्राप्त अवस्था रहे नरहेको हेर्दै र ०.५ अंक प्राप्त गरेका सूचकहरुमा समेत महानगरपालिकाका सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चूनौतिहरुको विश्लेषण गरिएको थियो।सूचकहरुको प्राप्ताङ्कको आधारमा आगामी आर्थिक वर्षका लागि कार्ययोजना निर्माण गरिएको छ। यस महानगरपालिकाको लैससास परीक्षणमा ५ वटा मूल विषयका आधारमा हेर्दा ३ वटा मूल विषयहरुमा सर्वोत्तम र २ वटामा उत्तम नतिजा सहित समग्रमा उत्तम अंक हासिल गरेको छ । यही नतिजालालाई मार्गदर्शनको रुपमा लिएर अगाडी बढ्ने हो भने विराटनगर महानगरपालिका चाँडै नै लैससास मैत्री हुने अनुमान गर्न सकिन्छ ।

अन्त्यमा, लैससास एउटा बहु-सरोकारको विषय मात्र होइन अन्तर शाखा र सरोकारको विषय हो भन्ने कुरामा समेत महानगरको बुझाई साझा भएको अनुभव लैससास परीक्षणमा खटिएका स्वतन्त्र विज्ञ सहजकर्ता, महेन्द्र मोरंग आदर्श बहुमुखी क्याम्पसका समाजशास्त्र विभागका प्रमुख, उप-प्राध्यापक डा. चन्द्र उपाध्याय तिम्सिनाको निष्कर्ष रहेको थियो । डा. तिम्सिनाका अनुसार,स्थानीय तहमा वर्षभरि गरिएका कामको अभिलेख एवं प्रमाणिक आधारले परीक्षण कार्यलाई अर्थपूर्ण बनाउँछ । लैंगिक समानता एवं सामाजिक समावेशीकरण सम्बन्धी यथार्थपरक एवं खण्डीकृत तथ्यांकको व्यवस्थापन आवश्यक हुन्छ र लैससास परीक्षणमा गणना गरिने केही सुचकको स्थानीयकरण गर्नु आवश्यक देखिएको विषय विज्ञ तिम्सिनाको बुझाई छ । विगत वर्षहरुमा जस्तै आ.व. २०८१/८२ को लैससास परीक्षणकार्यमा महिला, बालबालिका एवं समाजकल्याण शाखाले अगुवाई गरेको थियो ।सरोकारवाला सबैको सक्रिय सहभागिताले लैससास परीक्षणको समग्र प्रक्रियालाई सहज एवं व्यवस्थित बनाएको थियो ।